का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ असार २०८२,
शुक्रबार
27 June, 2025
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १४५ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# आफैंसँग असन्तुष्ट सिके राउत

काठमाडौं बसेर जनमत पार्टीका अध्यक्ष सिके राउत मधेश प्रदेश सरकार सञ्चालनमा मुख्यमन्त्री सतिशकुमार सिंहलाई सुझाइ रहेका छन् । तर, त्यही सरकारले ल्याएको बजेटमा असन्तुष्टि जनाएर आफ्नै पार्टी नेतृत्वको सरकार आफैं छाड्ने चेतावनी दिइरहेका छन् ।

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १२ असार ।

काठमाडौं : मधेश प्रदेशमा जनमत पार्टीका नेता सतिशकुमार सिंह नेतृत्वको सरकार छ । तर पार्टी अध्यक्ष सिके राउत नै आफ्नै पार्टीले नेतृत्व गरेको सरकारसँग असन्तुष्ट छन् ।

प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट ल्याएपछि अध्यक्ष राउत असन्तुष्ट बनेका हुन् । राउतको असन्तुष्टि यति बढेको छ, उनले सरकारको नेतृत्व नै छाड्नेसम्मको चेतावनी पनि दिएका छन् ।

मधेश सरकारले १ असारमा आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजारको बजेट ल्याएको थियो । कांग्रेसबाट अर्थमन्त्री सुनिल कुमार यादवले प्रस्तुत गरेको बजेटको रेडबुक दश दिनपछि बुधबार सांसदहरूको हातमा परेको छ ।

मन्त्री यादवले बजेट ल्याउँदा जनमतलाई बाइपास गरेको जनमत पार्टीको दावी छ । यसखेलमा एमालेको पनि भूमिका रहेको जनमतको दाबी छ ।

यसअघि २५ जेठ २०८० मा जनमतको नेतृत्वमा सरकार बनेपछि २०८१/०८२ का लागि ल्याएको बजेट पनि निर्विवाद रहन पृष्ठ २ मा



जनमत आफैं सरकारमा बसेर सरकारविरुद्ध गुनासो गर्नु भनेको 'हामी अक्षम छौं' भन्ने सार्वजनिक घोषणा गर्नु जस्तै छ

■ **शैलेन्द्र साह**
पूर्वअर्थमन्त्री
मधेश प्रदेश

## राउत किन भए बेखुश ?

अध्यक्ष राउत बजेटकै विषयमा सन्तुष्ट छैनन् । बिहीबार उनले आफ्नो सचिवालयको फेसबुकमार्फते बजेटका विषयमा असन्तुष्टि पोखेका थिए ।

अध्यक्ष राउतले मधशस सरकारको रेडबुक हेर्दा जनमत पार्टीले लिएको नीति, सिद्धान्त र भिजनबाट आफूहरू वञ्चित भएको आभास भएको बताएका छन् । पार्टीले जनताको बिचमा गएर माग गरेका अधिकांश योजनाहरू नपरेको गुनासो यनको छ । विगत एक महिनाको पृष्ठ २ मा

# गिजोलिँदै शिक्षा विधेयक

विद्यालय शिक्षा विधेयक संसदीय समितिबाट पास गर्नका लागि बिहीबार शिक्षा, विज्ञान तथा प्रविधि अन्तर्गतको परामर्श तथा समन्वय उपसमितिको बैठक दिनभर बस्यो । तर, सहमति जुट्न सकेन ।



समितिबाट विधेयक सर्वसम्मत रूपमा सदनमा लाने तयारीमा छौं, केही ढिलो हुन सक्छ । कतिपय विषयहरूमा पर्याप्त छलफल नै नगरी १५ गते नै पास गरिहाल्नुपर्छ भन्ने छैन ।

■ **अम्मरबहादुर थापा**
सभापति
शिक्षा, विज्ञान तथा प्रविधि समिति



लोकतान्त्रिक मुलुकमा कम्पनी ऐनअनुसार दर्ता गरी चलाएका स्कुलहरू बन्द गर्न र राज्यले नै सिन्डिकेट गर्न हुँदैन, निजी विद्यालयलाई मापदण्ड बनाएर चल्ने व्यवस्था गरौं ।

■ **श्याम घिमिरे**
मुख्य सचेतक
नेपाली कांग्रेस



संविधानको मर्म अनुसार निजी विद्यालयहरूलाई आगामी १५ वर्षभित्र राष्ट्रियकरण नभइ गैरनाफामूलक बनाउने गरी विधेयकमा व्यवस्था गरौं ।

■ **सुमना श्रेष्ठ**
पूर्वशिक्षामन्त्री

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १२ असार ।

सरकार, संसदीय समिति र शिक्षक महासंघबीच लामो रस्सा कसीबीच सहमति गरेर अघि बढाउने तयारी गरेको विद्यालय शिक्षा विधेयक फेरि गिजोलिएको छ । प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, विज्ञान तथा प्रविधि समितिमा छलफलका क्रममा रहेको विधेयक १५ असारभित्र संसदीय समितिबाट पास गरेर सभामा पुऱ्याउने त्रिपक्षीय सहमति थियो । तर, विधेयकमा लेखिएका केही बुँदामा सहमति हुन नसकेपछि शुक्रबार पुनः परामर्श तथा समन्वय उपसमितिको बैठकमा छलफल गर्नेगरी अघि बढेपछि विधेयक संसदमा पेस गर्न ढिलाई हुने देखिएको हो । बिहीबार बसेको बैठकमा निजी विद्यालय सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा सांसदहरुबीच मत बाँझिदा शुक्रबार उपसमितिको बैठक बसेर छलफल टुंगोमा पुऱ्याउने सांसदहरूले बताएका छन् ।

'यो विधेयक फेरि परामर्श तथा समन्वय उपसमितिको बैठकमा छलफल गर्ने र सहमतिमै अघि बढाउने गरी बिहीबार सिंहदरबारमा बसेको बैठक टुंगिएको छ', पूर्व शिक्षामन्त्री समेत रहेका माओवादी सांसद देवेन्द्र पौडेलले भने ।

यसअघि गत वैशाखमा आन्दोलनरत शिक्षक महासंघसँग १५ असारभित्र ऐन जारी गर्ने सहमति भएको थियो । सहमतिअनुसार सरकारले तदारुकता नदेखाएको भन्दै महासंघका नेताहरूले प्रधानमन्त्री, सत्ताको प्रमुख सहयात्री दल नेपाली कांग्रेस, शिक्षा मन्त्री शिक्षा समितिका सभापति, विपक्षी दलका नेतालगायतलाई भेटेर ध्यानाकर्षण गरिरहेका छन् । शुक्रबार समितिको बैठक बसेर विधेयकलाई पारित गर्ने प्रतिनिधिसभाको शिक्षा समितिका सभापति अम्मर बहादुर थापाले बताए । 'शुक्रबार बिहान ९ बजे परामर्शको पृष्ठ २ मा

## भारत–बंगलादेश तनावको असर

# माथिल्लो कर्णालीबाट ५०० मेगावाट बिजुली बेच्ने सम्झौता रद्द




१७ असोज २०८१ मा नेपालबाट भारत हुँदै बंगलादेश विद्युत् निर्यात गर्ने सम्झौता गर्दै तीन देशका तत्कालीन सम्बन्धित अधिकारीहरु ।

बंगलादेशले भारतीय कम्पनी जीएमआरले निर्माण गर्ने माथिल्लो कर्णालीबाट उत्पादित विद्युत् खरिद गर्ने सम्झौता रद्द गरेसँगै तेस्रो देशमा बिजुली बेच्ने नेपालको दीर्घकालीन सोचलाई प्रत्यक्ष प्रभाव पारेको छ ।

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १२ असार ।

भारत र बंगलादेशबीच देखिएको तनावको असर नेपालको जलविद्युत व्यापारमा परेको छ । नेपालको माथिल्लो कर्णाली जलविद्युत् परियोजनाबाट उत्पादन हुने विद्युत् बंगलादेशले खरिदसम्बन्धी सम्झौता दुई छिमेकी मुलुक भारत र बंगलादेशबीच बढ्दो तनावको चपेटामा परेको हो ।

बंगलादेशमा गत वर्ष अप्रिलमा भएको आन्दोलनपछि भारतनिकट मानिने शेख हसिनाको सत्ता पतन भएसँगै भारत र बंगलादेशबीच तनाव बढ्दै गएको छ । दुई मुलुकबीच तनाव बढिरहेका बेला बंगलादेशको मोहम्मद युनुस सरकारले भारतीय कम्पनी जीएमआरले निर्माण गर्ने माथिल्लो कर्णालीबाट उत्पादित विद्युत् बंगलादेशले खरिद गर्ने सम्झौता रद्द गरेको हो ।

बंगलादेशी सरकारले नेपालको ९०० मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् परियोजनाबाट ५०० मेगावाट विद्युत् बंगलादेश निर्यात गर्ने योजना नै रद्द गरेको हो । सम्झौता रद्द हुनुले बंगलादेशमा बिजुली बेच्ने नेपालको दीर्घकालीन सोचलाई प्रत्यक्ष प्रभाव पार्नेछ ।

बंगलादेशको अन्तरिम सरकारले विशेष अधिकार ऐनअन्तर्गत भएका सबै सम्झौता निलम्बन गर्ने निर्णय गरेपछि नेपालसँग भएको विद्युत व्यापार सम्झौता खारेजीमा परेको हो ।

बंगलादेश सरकारले विशेष अधिकार ऐन (स्पेसल पावर एक्ट) अन्तर्गतका सबै सम्झौताहरू निलम्बन गर्ने निर्णय गरेसँगै यस परियोजनाबाट विद्युत् किन्न भएको प्रारम्भिक विद्युत् आपूर्ति सम्झौता (पीएसए) को आशयपत्र बंगलादेशको विद्युत् विकास बोर्ड (बीपीडीबी) ले खारेज गरेको छ । भारतीय कम्पनी जीएमआर इनर्जी लिमिटेड पृष्ठ २ मा

## नेपाल बेखबर !

बंगलादेशले नेपालसँग भएको विद्युत व्यापार सम्झौता खारेज गर्ने निर्णय गरेपनि नेपाललाई भने औपचारिक जानकारी आएको छैन ।

ऊर्जा सचिव सुरेश आचार्यले औपचारिक जानकारी प्राप्त नभएको बताए । यस्तै लगानी बोर्डले पनि सम्झौता रद्दबारे औपचारिक जानकारी नपाएको जनाएको छ ।

यो योजनाअन्तर्गत नेपालबाट भारतको ११७ किलोमिटर लामो, ७६५ केभी उच्चभोल्टेज प्रसारण लाइनमार्फत बंगलादेशमा ५०० मेगावाट जलविद्युत निर्यात गर्ने लक्ष्य रहेको थियो । यो सम्झौताका लागि सन् २०१६ देखि छलफल भइरहेको थियो । सन् २०२४ डिसेम्बर ५ मा त्रिपक्षीय बिजुली आपूर्ति सम्झौता (पीएसए) मा हस्ताक्षर भएको थियो । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# 'जान'ले रोकेको जापानको बाटो : १५ वर्षदेखि श्रमिकमाथि अन्याय

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असार ।

वैदेशिक रोजगारीमा जापान जाने नेपाली कामदारको श्रम स्वीकृतिका लागि जाइका अल्मुनाई एसोसिएसन 'जान'को भाषा परीक्षाको अनिवार्यताविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएपछि त्यससम्बन्धी विभिन्न पक्षहरू सार्वजनिक हुन थालेका छन् ।

रिटका सम्बन्धमा आगामी सोमबार सर्वोच्च अदालतमा पेशी रहेको छ । सर्वोच्चको आदेशले संवैधानिक र कानुनी पक्षको टुंगो लगाउने छ । तर भाषा र प्रशिक्षणसहित जापान अध्यागमनबाट योग्य ठहरिएका नेपाली श्रमिकहरूको श्रम स्वीकृतिका लागि विगत करिब डेढ दशकदेखि लिइँदै आएको परीक्षा प्रणालीले उत्पन्न गरेको समस्या हाल सार्वजनिक भएको भिजिट भिसा प्रकरणको सिन्डिकेट भन्दा पनि डरलाग्दो रहेको कतिपयले टिप्पणी गरेका छन् । भाषाको अवरोधका कारण जापानको रोजगारी सहज नहुँदा नेपाली कामदार लामो समयदेखि बाध्यतावश रोजगारीका लागि खाडी मुलुक जान अभिशप्त बनेको धेरैको टिप्पणी छ ।

'जान'लाई वैदेशिक रोजगार ऐन २०६४ ले नचिनेको भएपनि २०६७ सालदेखि नै वैदेशिक रोजगारमा जापान जाने कामदारका लागि तरबारका रूपमा रहेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् । उनीहरू भन्छन् 'जान एक गैरसरकारी संस्था हो । कानुनले नचिनेको संस्था खडा पृष्ठ २ मा

## संख्या सयसम्बन्धी विधेयकको प्रतिवेदन राष्ट्रिय सभामा पेस

**काठमाडौं/मस–** राष्ट्रिय सभामा प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८० सम्बन्धी समितिको प्रतिवेदन पेस गरिएको छ ।

उक्त विधेयकमा वैदेशिक रोजगार व्यवसायीको इजाजत नवीकरणका लागि अनिवार्य गरिएको संख्या सय खारेजीको व्यवस्था छ । विधेयक राष्ट्रिय सभाबाट पारित भइ प्रतिनिधि सभामा फर्किन्छ । राष्ट्रिय सभाले गरेको संशोधन प्रतिनिधि सभाले स्वीकार गरेको खण्डमा सो विधेयक सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि पृष्ठ २ मा

## कोरिया रोजगारीको 'हामी मोबाइल एप' शुभारम्भ

**काठमाडौं/मस-** दक्षिण कोरिया सरकारले वैदेशिक रोजगारमा जाने व्यक्तिलाई रोजगारसम्बन्धी अत्यावश्यक सूचना सरल र सहज तरिकाबाट उपलब्ध गराउनका लागि ' हामी मोबाइल एप'को शुभारम्भ गरेको छ ।

कोरिया सरकारको आर्थिक सहयोगमा शुभारम्भ गरिएको उक्त एपको सञ्चालनमा भने नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सहकार्य रहनेछ । एपको शुभारम्भ बिहीबार श्रममन्त्री शरतसिंह भण्डारीको पृष्ठ २ मा

# साइबर अपराधमा ५ वर्ष जेल






साइबर स्पेसमा रहेका सूचना, तथ्यांक वा विवरणको संरक्षण तथा व्यवस्थित प्रयोग गर्न र साइबर सुरक्षा सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्ने उद्देश्यले ऐन बनाउन लागिएको हो ।

● **पृथ्वीसुब्बा गुरुङ**
**मन्त्री, सञ्चार तथा सूचना प्रविधि**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ असार ।

कतै सूचना प्रविधिको दुरूपयोग गरिरहनु भएको त छैन ? यदि छ भने सरकारले जेल हाल्ने गरी ऐन बनाउँदैछ । सूचना प्रविधिको विकाससँगै सदुपयोग मात्रै भएको छैन, दुरूपयोग पनि उस्तै छ । सूचना प्रविधिको माध्यमबाट हुने गलत कार्यलाई नियन्त्रण गर्ने गरी सरकारले ऐन बनाउन लागेको हो ।

यस निम्ति सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा पृष्ठ २ मा

**आफैसँग...**

सकेको थिएन । तर, मधेश प्रदेश कांग्रेस संसदीय दलका नेता कृष्ण यादवले मुख्यमन्त्री सिंहकै सल्लाहमा बजेट तयार गरेर सार्वजनिक भएको बताउँछन् । 'मुख्यमन्त्री सिंह आफैँ बसेर बजेट बनाउनु भएको हो, मन्त्रालय मन्त्रालयमा गएर यो राख, त्यो राख भनी आफै सबै थप्नु भएको थियो ।' अध्यक्ष राउतले बजेटप्रति असन्तुष्ट जनाएपछि मुख्यमन्त्री सिंहले बिहीबार सभामुख रामचन्द्र मण्डललाई भनेर प्रदेश सभाको बैठक स्थगित नै गराएका छन् ।

प्रदेशसभा बैठक स्थगितसँगै जनमत पार्टी आन्तरिक छलफलमा जुटेको छ । बैठकले आफ्नै नेतृत्वको मधेश सरकारले ल्याएको बजेट नीति तथा कार्यक्रम अनुसार नआएकोले सन्तोषजनक नरहेको जनमतले निष्कर्ष निकालेको छ । सरकारले ल्याएको बजेट त्रुटिपूर्ण रहेकोले सरकारबारे आधिकारिक निर्णय गर्ने जिम्मा पार्टीको केन्द्रीय सचिवालयलाई दिने निर्णय गरेको हो ।

'जसरी नीति तथा कार्यक्रम आएको थियो । त्यस अनुसार बजेट आएन । यस बारेमा कुनै गम्भीर निर्णय पार्टीले लिनुपर्छ भन्ने निष्कर्ष हामीले निकालका छौं । यो जिम्मा सचिवालयलाई दिएका छौं,' संसदीय दलका नेता महेश प्रसाद यादवले भने । 'पार्टीले यही निहुँमा सरकार पनि छाड्न सक्छ', जनमत पार्टीका एक नेताले भने, 'त्यत्तिकै पनि कांग्रेस-एमालेले सरकार छाड्न दबाब दिइरहेका छन् । पार्टीले सरकारको नेतृत्व गरेपनि त्यहाँ मुख्यमन्त्रीको केही चल्दैन ।'

**राउत...**

दौरानमा मिडिया काउन्सिल, चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्ड, खेलकुद परिषद्सहितका ठाउँमा २-३ दर्जन राजनीतिक नियुक्तिहरू हुँदा अरू पार्टीले भागबन्डा गरेर लिएपनि जनमत पार्टीको तर्फबाट एउटा सदस्य समेत नपरेको दाबी राउतको छ । उनले सरकारको बारेमा संसदीय दलको बैठक बसेर कुनै निर्णय लिने बताएका छन् ।

उनले भनेका छन्, 'जनमत पार्टीकै नेतृत्वको सरकार र मुख्यमन्त्री हुँदा पनि यस्तो हुनु, सरकार सञ्चालनमा पार्टीको निर्देशनको पूरै अवहेलना हुनु, एकदमै दुर्भाग्यपूर्ण छ । यस विषयमा जनमत पार्टीको संसदीय दल तथा पार्टीको सचिवालय बैठकमा छलफल हुँदैछ, आवश्यक निर्णय त्यहाँबाट गरिनेछ ।'

जनमत मधेश प्रदेश संसदीय दलका नेता महेश यादवले अब बैठकबाट प्राप्त हुने सुझावको आधारमा अगाडि बढिने प्रतिक्रिया दिए । सरकारको नेतृत्व छाड्ने विषयमा पनि बैठकबाटै आवश्यक निर्णय हुने बताए ।

मधेशमा नयाँ समीकरण बनेसँगै सरकारमा आलोपालो नेतृत्व गर्ने गरी गठबन्धन दलमा सहमति भएको थियो । जसअनुसार १ वर्ष जनमत पार्टीले नेतृत्व गर्ने र त्यसपछि कांग्रेसले पाउने सहमति भएको हो ।

बिहीबार प्रदेशसभाको बैठक अध्यक्ष राउतको आग्रहमा बजेटमाथिको छलफल

सभामुखले अनिश्चितकालका लागि स्थगित गरेपछि विपक्षी दलहरू आक्रोशित भएका छन् । 'संसद सरकारको कठपुतली बन्यो' जसपा-नेपालमा प्रमुख सचेतक रामआशिष यादवले आरोप लगाए । उनले सरकार र सभामुखको कामप्रति आपति जनाउँदै अब हुने बजेटमाथिको छलफल बहिष्कार गर्ने चेतावनी दिए ।

नेकपा (एकीकृत समाजवादी) को प्रमुख सचेतक कनिश पटेलले सभामुख र सरकारले रबैया अपनाएको भन्दै आपत्ति जनाए । सभामुख संसदीय अभ्यास विपरीत सदनलाई कसैको इसारामा बन्दी बनाएको उनले तर्क गरे ।

जसपा, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), राप्रपा र नेपाल संघीय समाजवादी पार्टीले बजेट छलफल बहिष्कार तयारी गरेको जनाएका छन् । यसले मधेश प्रदेशको बजेटमा छलफल प्रक्रिया थप अन्योलमा पर्ने देखिएको छ ।

जनमतका प्रवक्ता डा शरदसिंह यादवले अहिले नै सरकार छाड्ने निर्णय भइनसकेको बताए । उनले भने, 'जुन दलले सरकारको नेतृत्व गऱ्यो, आफ्नो भिजन प्रस्तुत गऱ्यो, विकासको मोडालिटी दियो । तर बजेटबाट उसैलाई बेवास्ता गरियो ।' उनले थपे, 'भिजनरी बजेट आउनुपर्ने थियो, तर आउन सकेन । अर्थ मन्त्रालय, भौतिक योजना मन्त्रालय जनमतसँग नहुँदा पनि मुखिया त जनमतको हो । हामीले काम गर्न सकेनौं भने त बदनामी त जनमत पार्टीको हुन्छ । अध्यक्ष राउतले त्यसै कुरालाई इङ्गित गर्नुभएको हो ।'

उनले पार्टीले जनतासँग गरेका वाचाहरू बजेटमार्फत पूरा गर्न नसके सरकारमा बसिरहनुको औचित्यमाथि प्रश्न उठ्ने बताए ।

मधेश प्रदेशमा जनमत पार्टीका १३ जना प्रदेश सभा सदस्य छन् । यस्तो अवस्थामा मुख्यमन्त्री पनि जनमत पार्टीको हुनु र अपेक्षित परिणाम दिन नसक्दा पार्टीमाथि नैतिक दबाब बढेको छ ।

मधेशका पूर्वअर्थमन्त्री तथा जसपा नेपालका नेता शैलेन्द्र साह आफ्नै पार्टीको मुख्यमन्त्री र आफैं पीडित भन्नु राउतको कुरा हास्यास्पद रहेको टिप्पणी गर्छन् ।

जनमत आफैं सरकारमा बसेर सरकारविरुद्ध गुनासो गर्नु भनेको 'हामी असक्षम छौँ' भन्ने सार्वजनिक घोषणा गर्नु जस्तै भएको उनको भनाइ छ ।

**गिजोलिँदै...**

बैठक बस्ने र साढे ११ बजे समितिको बैठक बस्ने तयारी छ', उनले मध्यान्हसँग भने 'विधेयकका विषयबस्तुमा करिब-करिब सहमति जुटिसकेको छ । तर, समितिका सबै सांसदहरूबीच साझा धारणा बनाउने भन्ने छ ।'

विधेयक संसदमा लैजान शनिबार नभए १/२ दिन ढिला हुन सक्ने थापाले बताए । '१५ गते नै सदनमा लगिहाल्नुपर्छ भनेर कतिपय विषयहरूमा पर्याप्त छलफल नै नगरी हतार गर्नु हुँदैन', उनले भने ।

समितिका सभापतिको तर्क अनुसार विधेयक सदनको प्रक्रियामा लैजान केही दिन ढिला हुने संकेत देखिएको छ । समितिको बैठकमा सदस्यहरूले निजी विद्यालयको व्यवस्थापनका विषयमा फरक फरक धारणा राखेका थिए । बैठकमा कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले अबको १५ बर्षसम्म पनि निजी विद्यालयलाई निषेध गरेर जान नसकिने बताए । त्यस्तै एमाले सांसद एवम् तत्कालीन शिक्षामन्त्री विद्या भट्टराईले संविधानले अनिवार्य र निःशुल्क भनेको अवस्थामा संविधानको कार्यान्वयन गर्न बनाउन ऐन संविधानसँग बाझिन नहुने बताएकी छन् । अनिवार्य निशुल्क शिक्षा ऐन कार्यान्वयनमा रहिरहेको अवस्थामा नयाँ ऐनले त्यसमा बाधा उत्पन्न गर्न नहुने उनको तर्क छ ।

विद्यालय शिक्षा ऐनमा शिक्षकहरूका मागका विषयमा समेत प्रस्ट सहमति जुटिसकेको अवस्था छैन् । यद्यपि सरकार, संसदीय समिति र नेपाल शिक्षक महासंघका नेताहरूबीच १५ असारभित्र विधेयक ल्याईसक्ने विषयमा गत वैशाखमा सहमति भएको थियो । विद्यालय शिक्षा विधेयकमा प्रारम्भिक बाल विकास (ईसीडी)का बिषयमा पनि सहमति जुट्न सकेको छैन । समितिले शुक्रबार नै विधेयक पारित गरेर शनिबारको प्रतिनिधिसभा बैठकमा प्रस्तुत गर्ने दाबी गरेपनि अहिले सम्मको तयार हेर्दा सदनमा विधेयक पेश हुने सम्भावना न्यून छ ।

सार्वजनिक विद्यालयलाई सबलीकरण गर्नेतर्फ केन्द्रित भएर कानुन निर्माण गर्नुपर्नेमा आफुहरूको जोड रहेको सांसद देवेन्द्र पौडेलले बताए । शिक्षालाई मौलिक हककारूपमा संविधानमै व्यवस्था गरिएको भएपनि शिक्षामा वर्गिएकरण गरिएकाले यसलाई एउटै मापदण्डमा ल्याउनुर्ने उनको तर्क छ ।

'सरकारले सक्दैन भन्ने किसिमको भाषा प्रयोग गर्नुहुँदैन', पौडेलले भने, 'हिजो संविधानमा मौलिक हकका रूपमा शिक्षा, स्वास्थ्य भनेर राख्यौं नजानेर राखेको होइन । त्यसैले यो सेवामूलक नै हो । बस्तु विनिमय गरेर आयआर्जन गर्ने विषय यो होइन र संसारभरि यस्तो व्यवस्था पनि छैन ।'

शिक्षामा विभेद छैन भन्ने नागरिकले भन्न सक्नुपर्ने गरी विधेयकमै व्यवस्था गरेर जानुपर्ने पौडेलको जोड छ । नयाँ निजी विद्यालय खोल्न दिनुपर्ने बरू नियमनको प्रभावकारी व्यवस्था हुनुपर्ने उनको भनाई छ ।

कांग्रेस सांसद श्याम घिमिरेले निजी विद्यालयलाई १५ वर्षमा गैरनाफामूलक बनाउन नसकिने भन्दै त्यस्तो व्यवस्था राख्न नहुने बताए । सरकारी विद्यालयमा चार लाख शिक्षक रहेको भन्दै निजीका समेत थपिँदा डेढ लाख बढ्ने भन्दै उनले भने ' अहिले हामीसँग निजी विद्यालयलाई निषेध गर्न सक्ने अवस्था छैन । १५ वर्षमा पनि गर्न सक्दैनौं । लोकतान्त्रिक मुलुकमा कम्पनी ऐन अनुसार दर्ता गरी चलाएका स्कूलहरू बन्द गर्नु उचित हुँदैन । राज्यले नै सिन्डिकेट गर्न हुँदैन । निजी विद्यालयलाई मापदण्ड बनाएर चल्ने व्यवस्था गरौं ।' कसैको निजी सम्पत्ति राज्यले लिनुपर्दा उचित मुअब्जा दिनुपर्ने संवैधानिक व्यवस्था भएपनि हाम्रो हैसियत त्यसरी मआब्जा दिन सक्ने नरहेको उनको भनाई छ । 'एक तिहाई विद्यार्थी निजी क्षेत्रले निःशुल्क भार बोकिदिएको छ । अहिले हामीलाई भइरहेका शिक्षकको खर्च धान्न भार परिरहेको छ', उनले भने ।

तर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद तथा पूर्व शिक्षामन्त्री सुमना श्रेष्ठले संविधानको मर्म अनुसार निजी विद्यालयहरूलाई आगामी १५ वर्षभित्र गैरनाफामूलक बनाउने गरी कानुन बनाउनुपर्ने बताएकी छन् ।

'संविधानको स्पिरिटअनुसार निजी विद्यालयलाई १५ वर्ष गैरनाफामूलक बनाउने गरी तोकौँ', श्रेष्ठले भनिन्, 'निजीलाई राष्ट्रियकरण होइन कि निजीले मुनाफा कमाउने नभई गैरनाफामूलक बनाउनुपर्छ ।'

**माथिल्लो...**

र एसजेभीएनले अछाम, सुर्खेत र दैलेख जिल्लाको सिमाना कर्णाली नदिमा यो परियोजना निर्माण गरिरहेका छन् ।

भारत र बंगलादेशबीच पछिल्लो समय बढेको तनाबले दुवै देशले एक अर्काको अर्थतन्त्रमा असर पर्ने गरी व्यापारमा अवरोध सृजना गरिरहेका बेला बंगलादेश सरकारले यस्तो निर्णय गरेको हो ।

भारतले ११७ किलोमिटर लामो ७६५ केभी उच्च भोल्टेज प्रसारण मार्ग प्रयोग गरी विद्युत् ढुवानी गर्ने प्रस्ताव गरेपछि बंगलादेशले त्यसमा भू-राजनीतिक चासो उठाएको छ । जसले ढाकाका लागि रणनीतिक र पूर्वाधारसम्बन्धी प्रश्नहरू खडा गरेको छ ।

भारतले प्रस्ताव गरेको ११७ किलोमीटर लामो ७६५ केभी उच्च भोल्टेज प्रसारण लाइन प्रयोग गर्ने विषयमा बंगलादेशमा रणनीतिक र भूराजनीतिक चासो देखिएको बंगलादेशका अधिकारीहरुको भनाई छ ।अन्तरिम सरकारले अधिल्लो अगामी लिग सरकारले सम्झौता गरेको परियोजना अधि बढ़ाउने अनिच्छा पनि देखाएको छ ।

'सरकारले विशेष अधिकार ऐनअन्तर्गत भएका सबै समझौता निलम्बन गर्ने निर्णय गरिसकेको छ। त्यसैले जीएमआरसँगको प्रस्तावित समझौता पनि रद्द भएको हो' बंगलादेश विद्युत् विकास बोर्डका अध्यक्ष मोहम्मद रेजाउल करिमले भने ।

करिमले भने, 'यो सम्झौता रद्द सरकारको विशेष अधिकार ऐनअन्तर्गत भएका बिजुली र ऊर्जा सम्झौताहरू खारेज गर्ने व्यापक नीतिको हिस्सा हो, जसमध्ये धेरै पहिले नै रद्द भइसकेका छन् ।'

सन् २०२५ को फेब्रुअरीमा जिएमआर इनर्जीका एक उच्च अधिकारी सञ्जय बार्देले बंगलादेशका ऊर्जासचिवलाई पत्र पठाउँदै नेपालबाट बंगलादेशतर्फ विद्युत् निर्यात गर्न विद्युत् आपूर्ति समझौता औपचारिक रूपमा टुंग्याउन आग्रह गरेपछि यो विषय सतहमा आएको हो ।

जीएमआरले माथिल्लो कर्णाली जलविद्युत लिमिटेडले हाल खारेज गरिएको विशेष अधिकार ऐन अन्तर्गत सन् २०२९ देखि शुरू हुने गरी २५ वर्षे विद्युत् विक्री समझौताको प्रस्ताव गरेको थियो

**नेपाल...**

तर, बंगलादेशले एकतर्फी रूपमा यो सम्झौता रद्द गरेसँगै जीएमआरले नयाँ खरिदकर्तासँग सम्झौता गर्नुपर्ने भएको छ ।

जीएमआरले लामो समयदेखि यो परियोजना नबनाई होल्ड गरेको छ । उसलाई लगानी जुटाउन दिइएको पछिल्लो म्याद गएको माघ ४ गतेसम्म थियो । सो अवधिमा जीएमआरले लगानीसम्बन्धी कागजातहरू पेस लगानी बोर्डमा पेस गरिसकेको छ । तर, बोर्डले सो लगानीसम्बन्धी उसको प्रस्ताव मूल्याकंन गरिसकेको छैन ।

**'जान'ले...**

गरेर एकलौटी सिन्डिकेट कायम गर्दै जापानमा प्रशिक्षार्थी कामदार पठाउने गरिएको छ । यो प्रक्रिया हालै चर्चामा रहेको अध्यागमन कार्यालयको भिजिट भिसा प्रकरण भन्दा जटिल रहेको खुल्दै आएको छ ।'

जापान सरकारका विभिन्न निकायहरूले त्यहाँ जाने नेपाली कामदारको विस्तृत विवरण अध्ययन गरी उक्त कामदार जापानमा काम गर्न योग्य छ भनेर पठाएको सिफारिस अर्थात सिओई प्रमाणपत्रलाई समेत अवज्ञा गरेर अन्तिम श्रम स्वीकृतिकै नाममा 'जान'को प्रमाणपत्र अन्तिम मानेर विगत १५ वर्षदेखि अन्तिम श्रम स्वीकृति दिने परिपाटीले धेरै दक्ष कामदार जापान जानबाट बञ्चित भएका छन् ।

नेपाल तथा जापान सरकार दुवै देशका कानुनमा उल्लेख नभएको विषय भिसा प्राप्त भइसकेपछि पुनः वैदेशिक रोजगार विभागको निर्देशनमा एनजिओले परीक्षा लिने नाममा हजारौंलाई फेल बनाएर जापानको आकर्षक रोजगारीबाट बञ्चित गराएको विषयमा असन्तुष्टि भएपनि प्रायः चुपचाप बसेका थिए । अहिले मुद्दा सर्वोच्च अदालतमा पुगेपछि लामो समयदेखि उकुसमुकुस अवस्थामा रहेका व्यवसायी आक्रोश लिएर सञ्चारमाध्यममा पुगेका छन् ।

वैदेशिक रोजगार व्यवसायी संघले विगतमा 'जान'को सहभागिता सम्बन्धमा पटक-पटक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आवाज उठाएपनि त्यसतर्फ मन्त्रालयको ध्यान नगएको केही व्यवसायीको भनाइ छ । खासगरी व्यवसायीहरूले आवाज उठाउँदा कम्पनी निशानामा पर्ने र उक्त कम्पनीबाट जापानमा एप्लाइ गर्ने कामदारलाई फेल बनाउने त्रासले उनीहरू बोल्न सकेका थिएनन् ।

केही अधिवक्ताहरूले समेत गत जेठ २८ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीलाई नै सम्बोधन गरेर मन्त्रालयमा जाइका अल्मुनामई एसोसिएसनलाई उक्त जिम्मेवारी नदिइ नेपाली श्रमिकलाई दुःख दिनबाट बचाउन आग्रह गरेको, तर सुनुवाइ नभएपछि अदालत जानुपरेको अधिवक्ताहरू खगेन्द्र प्रसाद चापागाईं र उमा पौडेललगायतको भनाइ छ ।

**कहाँ छ बदमासी ?**

जानकारहरूका अनुसार प्रशिक्षार्थी कामदारको रूपमा जापान जान सबैभन्दा पहिले नेपाली र जापनी म्यानपावर कम्पनीबीच प्रशिक्षार्थी कामदार लिने-पठाउने सम्झौता हुन्छ । सम्झौता भइसकेपछि जापानमा रहेका म्यानपावर कम्पनीले श्रमिक आवश्यकताको माग नेपाली कम्पनीलाई पठाउँछन् । त्यसपछि जापानको टोकियोस्थित नेपाली दूतावासमा माग प्रमाणीकरण गरेपश्चात उक्त मागको जानकारी वैदेशिक रोजगार विभाग र नेपाली म्यानपावर कम्पनीमा आउने गर्दछ ।

म्यानपावर कम्पनीले श्रमिक आवश्यकताबारे सबै कागजात पेस गरेर विभागमार्फत पूर्व स्वीकृति लिएपछि विज्ञापन प्रकाशित गर्ने व्यवस्था छ । म्यानपावरले उक्त विज्ञापनमार्फत प्रशिक्षार्थी कामदार छनोट गरेपछि उनिहरूको कागजात नेपालस्थित जापनिज दूतावास, जापनिज अध्यागमन कार्यालयसहित सम्बन्धित सरकारी निकायमा पेस गरिन्छ । त्यसको केही समयपछि भिसा वा सिओई पत्र आउँछ । सिओई भन्नाले श्रमिकले जापानमा रोजगारीका लागि आवश्यक कानुनी र प्राविधिक मापदण्ड पूरा गरिसकेको अनुमति हो ।

उक्त सिओई पत्र काठमाडौंस्थित जापनिज दूतावासमा पेस गरेपछि भिएफएस प्रक्रियामार्फत भिसा प्राप्त हुन्छ । त्यसपछि वैदेशिक रोजगार विभागले अन्तिम श्रम स्विकृति दिनुपर्छ । किनकि कामदार छनोटका लागि ३-४ महिनाअघि नै जापनिज म्यानपावर कम्पनीको तर्फबाट जापनी प्रतिनिधिले नै कामदारको सबै परीक्षा लिइसकेको हुन्छ । जापनिज निकायहरूले योग्य भएको प्रमाणपत्रका रूपमा भिसा र सिओई दिने गर्दछन् । तर नेपालमा वैदेशिक रोजगार विभागले सिधै दिनुपर्ने अन्तिम श्रम स्वीकृति दिन उक्त श्रमिकलाई पुनः भाषा परिक्षा भन्दै 'जान'लाई पठाउँछ । उक्त संस्थाले योग्य भइसकेको एक श्रमिक बराबर ३ हजार ३ सय रुपैयाँ परीक्षा शुल्क लिएर भाषाको जाँच लिन्छ । उक्त गैरसरकारी संस्थालाई नेपाल र जापान दुवै देशको कानुनले नचिनेको भनेर सर्वोच्चमा विचाराधीन रिटमा जिकिर गरिएको छ ।

उक्त संस्थाले लिने परीक्षामा फेल भए भिसा प्राप्त भइसकेको नेपाली कामदारलाई जापान उड्नबाट रोक लगाउने गरिएको छ । म्यानपावरले आवश्यक भाषा तथा प्रशिक्षण गराइसकेर जापानले समेत सदर गरी भिसा नै उपलब्ध गराइसकेको अवस्थामा अन्तिम श्रम स्वीकृतिको नाममा गैरकानुनी बाटोबाट नेपाली कामदार १५ वर्षदेखि लुटिएको दाबी रिटमा छ । परीक्षाको नाममा उक्त संस्थाले मोटो रकम बार्गेनिङ गर्ने आरोप कतिपयले लगाउने गरेका छन् ।

'जान' जापानमा लामो समय बसेका वा जापानबारे राम्रो ज्ञान भएका व्यक्तिहरूको साझा संस्था हो । यो संस्था दुई देशबीच मैत्री सम्बन्ध स्थापना गर्ने र जापनिज नियोग र नेपालबारे विकास र समृद्धिको यात्रामा सघाउन खुलेको गैरसरकारी छाता संस्था हो ।

उक्त संस्थाले खासगरी जापान जाने नेपाली कामदारहरूलाई अनुभव साट्ने जापनिज संस्कार, संस्कृति तथा नियम कानुनका बारेमा निःशुल्क सल्लाह सुझाव दिने तथा दुई देशबीचको सम्बन्धबारे सकारात्मक बहस पैरवी गर्ने हो । तर विगत १५ वर्षदेखि उक्त संस्था कानुनमै नभएको गैरकानुनी ढंगबाट जापान जान चाहने नेपाली कामदारमाथि परीक्षाको नाममा शुल्क उठाउने तथा पास र फेलको बाहाना बनाउँदै फेल भएकाहरूलाई अयोग्य भन्दै सिओई प्राप्त गरिसकेका कामदारलाई जापानमा श्रम गर्न जानबाट रोक्ने अपराधपूर्ण कार्यमा संलग्न रहेको जानकारहरूको भनाइ छ ।

जानका अध्यक्ष डा. रामचन्द्र भुसालले प्रशिक्षर्थी कामदारको भाषा परीक्षा आफूहरूको रहरले नभइ वैदेशिक रोजगार विभागको निर्देशनमा लिने गरेको बताएका छन् । सर्वोच्चमा रिट दर्ता भएसँगै जानले १४ वर्षमा ५ हजार ४४५ श्रमिकबाट १ करोड ७९ लाख ६८ हजार अवैध असुली गरेको टिकाटिप्पणी भएको छ ।

**संख्या...**

विधेयक ऐनमा रुपान्तरित हुन्छ । उक्त ऐन नेपाल राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयनमा आउने छ ।

बैठकमा विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८० सम्बन्धी समितिको प्रतिवेदन पेस गरेकी थिइन् । त्यसैगरी, बिहीबारको बैठकमा राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्यालले विनियोजन विधेयक- २०८२ का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभासमक्ष जानकारी गराइ टेबुल गरेका छन् ।

**कोरिया...**

प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

श्रममन्त्री भण्डारीले श्रम बजारमा डिजिटल प्रविधिको प्रयोगमार्फत पारदर्शिता र नीतिगत निर्णयमा सुधार गर्ने सरकारको योजना रहेको बताए । सबैको सहयोग र सहकार्यका लागि आह्वान गर्दै सरोकारवालासँगको सहकार्यमा सामूहिक प्रयासबाट सुरक्षित, मर्यादित श्रम व्यवस्थापन सम्भव हुने बताउँदै उनले उक्त एपमा नेपाली र अंग्रेजी भाषामा प्रयोगकर्तामैत्री इन्टरफेसका साथ सीप विकास, वित्तीय योजना र मानसिक स्वास्थ्यका लागि आवश्यक स्रोतहरू समावेश गरिएको बताए ।

त्यस अवसरमा नेपालका लागि कोरियाली राजदूत पार्क थेयङले सही, भरपर्दो र समयसापेक्ष सूचना पहुँच राख्न यस एपले श्रमिकको आवश्यकताका आधारमा सहयोग र मार्गदर्शन प्रदान गर्ने जानकारी दिए । उनले कोरियाली सरकारले कोरियामा काम गरी फर्केका आप्रवासी कामदार नेपालको भविष्यका लागि महत्वपूर्ण सम्पत्ति भएको उल्लेख गरे ।

गत हप्ता दूतावासले प्रकाशनमा ल्याएको 'तपाईं पनि मालिक बन्न सक्नुहुन्छ' नामक पुस्तकमा समावेश भएका कोरियाको अनुभवका आधारमा सफल व्यवसायीका रुपमा उदाएका ५० जना वैदेशिक रोजगारबाट स्वदेश फर्केकाहरूको प्रेरणादायी उद्यमशीलताको कथाको सँगालोका बारेमा समेत उनले चर्चा गरे ।

कार्यक्रममा नेपाल सरकार, कोरियाली राजदूत तथा दूतावासका प्रतिनिधि, कोइका नेपालका प्रतिनिधि, कोरियामा रोजगारीको अनुभव भएका व्यक्तिहरू, सरोकारवाला संघसंस्थाका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो ।

कोरियन सरकारले कोरियामा रोजगारका लागि प्रस्थान गर्नु अगाडि कोरियामा कार्यरत रहँदा र फर्किएपश्चात् उद्यमशीलता प्रवर्द्धनका साथै वैदेशिक रोजगारको क्षेत्रलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउनेतर्फ विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको यहाँस्थित कोरियन दूतावासले जनाएको छ ।

**साइबर...**

गुरुङले 'सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक २०८२' ल्याएका छन् । प्रतिनिधि सभामा दर्ता यो विधेयकले साइबर अपराधको कसुरअनुसार कारबाहीको सजाय निर्धारण गरेको छ । साइबर अपराध गर्नेलाई अधिकतम सजाय ५ वर्षसम्म जेल वा १० लाखसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ ।

प्रस्तावित विधेयकको परिच्छेद १४ मा कसुर तथा सजायसम्बन्धी व्यवस्था छ । दफा ८० मा मुलुकको साइबर सुरक्षा तथा तथ्यांक प्रणालीमा अवरोध सिर्जना गर्न नहुने प्रावधान छ । कसैले विद्युतीय प्रणालीको प्रयोग गरी मुलुकको साइबर सुरक्षा तथा तथ्यांक प्रणालीमा अवरोध सिर्जना गर्ने वा प्रतिकूल असर पार्ने कुनै कार्य गरे सजाय भोग्नुपर्छ ।

यस्तो कसुर गरेमा कसुरको मात्रा हेरी पाँच वर्षसम्म कैद वा दशलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने प्रावधान यो दफामा छ । साइबर अपराधलाई सामान्य रुपमा कम्प्युटर वा इन्टरनेटको प्रयोग गरेर गरिने आपराधिक कृयाकलापका बुझिन्छ । कम्प्युटर, कम्प्युटर प्रणाली, कम्प्युटर नेटवर्क वा कम्प्युटर कार्यक्रमविरुद्ध लक्षित आपराधिक कृयाकलापहरू बढेको निष्कर्षसहित सरकारले नियन्त्रण गर्ने गरी ऐन बनाउन लागेको हो ।

विद्युतीय कारोबार ऐन २०६३ ले कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चारमाध्यमहरूमा प्रचलित कानुनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनेको थियो । तर, उक्त ऐनले समयाअनुकुल काम गर्न नसकेको भनेर सरकारले विद्युतीय कारोबार ऐन २०६३ खारेज गर्ने गरी नयाँ ऐन बनाउन लागेको हो ।

साइबर अपराधसम्बन्धी महासन्धिअनुसार साइबर अपराध भनेको अनधिकृत पहुँच, गैरकानुनी अवरोध, तथ्यांक माथिको हस्तक्षेप, कम्प्युटर प्रणालीमा हस्तक्षेप, उपकरणहरूको दुरुपयोग हो । यस्ता कार्य कम्प्युटरको माध्यमबाट हुने जालसाजी, किर्ते, बालयौन दुराचार, प्रतिलिप अधिकारसँग सम्बन्धित हुन्छ ।

इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसालाई साइबर अपराध अन्तर्गत राखिएको छ । अर्काको पहिचान अनधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा बैंक खाता आदिको चोरी गरि गरिने बैंकिङ कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याउने क्षति लगायत अवैधानिक कार्यलाई साइबर अपराध अन्तर्गत राखेर कसुर अनुसार कारबाही गर्ने गरी विधेयक आएको हो ।

प्रस्तावित विधेयकको दफा ८१ मा विद्युतीय प्रणालीको कार्य सञ्चालनमा हस्तक्षेप गर्न नहुने भनिएको छ । कसैले आफू वा अरु कसैलाई आर्थिक वा अन्य लाभ पुऱ्याउने नियतले अनधिकृत रुपमा विद्युतीय सूचना प्रविष्ट वा सम्प्रेषण वा हेरफेर गरे सजाय भोग्नुपर्छ । त्यस्तो सूचना मेटाई वा लुकाई छिपाई विद्युतीय प्रणालीको कार्य सञ्चालनमा हस्तक्षेप गरे वा कसैलाई आर्थिक नोक्सानी हुने गरी संवेदनशील वित्तीय सूचना प्राप्त गरे अपराध ठहरिन्छ ।

यस्तो कसूर गर्नेलाई कसूरको मात्रा हेरी तीन वर्षसम्म कैद वा पाँचलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । प्रस्तावित विधेयकको ८२ मा विद्युतीय प्रणालीको स्रोत संकत नष्ट, परिवर्तन गर्न वा चोरी गर्न नहुने व्यवस्था छ । कसैले विद्युतीय प्रणालीमा प्रयोग हुने स्रोत संकेत तथा सूचनाको चोरी गरे, अनधिकृत रुपमा नष्ट गरे वा परिवर्तन गरे कारबाही भोग्नुपर्छ । स्रोत संकेत भन्नाले कम्प्युटर कार्यक्रमको सूचीकरण, कम्प्युटर निर्देशन, कम्प्युटर डिजाइन र कम्प्युटर लेआउट तथा कम्प्युटर सम्पदाको जुनसुकै स्वरुपमा रहेको कार्यक्रम पर्दछन् ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङका अनुसार 'सूचना प्रविधिको विकास, प्रवर्द्धन तथा नियमन गर्न' नयाँ ऐन आवश्यक परेको हो । प्रस्तावना अनुसार ' विद्युतीय अभिलेख तथा डिजिटल हस्ताक्षरको सत्यता र विश्वसनीयता कायम राख्ने' विधेयकको लक्ष्य छ ।

'साइबर स्पेसमा रहेका सूचना, तथ्यांक वा विवरणको संरक्षण तथा व्यवस्थित प्रयोग गर्न र साइबर सुरक्षा सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले' विधेयक ल्याउनुपरेको उल्लेख छ । प्रतिनिधि सभामा दर्ता भएको यो विधेयक प्रक्रिया अनुसार अगाडि बढेर पास भएर राष्ट्रिय सभामा जान्छ । राष्ट्रिय सभाले पनि पास गरेर अगाडि बढाएपछि सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनमा रुपान्तरित भएर लागू हुन्छ ।

**ओमनमा रोजगार**

कम्पनी : Saif Salim Essa Al Harasi & Co.LLC | शहर : Oman
पूर्व स्वीकृत मितिः २०८२/०३/०८ | चलानी नं.: ६०२३९९७० | LT. No.: 325810

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason/Plaster Worker | 50 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४२,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | building painter (wall Painter) | 25 | 0 | | 120 | ४२,८३२ | | | | | | | |
| 3. | Concrete Masons | 50 | 0 | | 120 | ४२,८३२ | | | | | | | |
| 4. | Reinforce Fitter Assistant | 50 | 0 | | 120 | ४२,८३२ | | | | | | | |
| 5. | Wiring Electrical Assistant | 50 | 0 | | 120 | ४२,८३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २१ गते (5 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता अक्टोपस ट्रेनिङ सेन्टर, झापामा २०८२ असार २२ गते (6 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता पि.आई.टी ट्रेनिङ सेन्टर, धनुषामा २०८२ असार २४ गते (8 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 1361/074/075
Elite H.R. Solution Pvt. Ltd.
Sinamangal-9, (Opp. Hope Hospital) Kathmandu, Tel.: 4116678, 4116679
Mobile No: 9851113682, Damak Contact No. 9801715712, 9801715713
E-mail : elitehrsolution1361@gmail.com, Web.: elitenepal.com

**युएईमा रोजगार**

कम्पनी: EVER GOLD BUILDING CLEANING LLC-DUBAI BRANCH | शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०३/१२ | चलानी नं.: ६०२४०२१० | LT. No.: 326256

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 100 | 0 | स. काममा दक्ष | 1000 | ३७,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २० गते (4 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PROFESSIONAL RECRUITERS GROUP
Kathmandu-3 Nepal, Contact No: 01-4975466, 9851012541
Email : www.prgnepal.com/info@prgnepal.com

Karnali Province Government

Ministry of Physical Infrastructure and Urban Development

Infrastructure Development Directorate

**Infrastructure Development Office (IDO)**

Dolpa, Nepal

## Letter of Intent (LOI)

**Date of Publication: 2082/03/13 (27th Jun, 2025)**

This is notify (as per section 27 (2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contracts as per IFB No 6/IDO/DOP/W/39/NCB/2081/2082 published on Saurya Daily published on 2082/03/04 (18th Jun, 2025) to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N. | Contract ID No. | Project Name | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1. | IDO/DOP/W/ NCB/39/2081/2082 | Construction of Ring ( Rigmo) Basti Bikash Project, She Phoksundo RM-08, Dolpa | M/s S.C/ G.N JV, Jagdulla-2, Dolpa | 21,12,44,349.46 |

**Office Chief**

# सर्वोच्चमा प्रस्तावित ३ न्यायाधीश र १ न्यायपरिषद् सदस्यविरुद्ध ७ उजुरी

**काठमाडौं/मस-** सर्वोच्च अदालतको न्यायाधीशमा प्रस्तावित तीन न्यायाधीश र एक जना न्यायपरिषद्को सदस्यमा प्रस्तावित सदस्यविरुद्ध ७ वटा उजुरी परेका छन्। बिहीबार सिंहदरबारमा बसेको संसदीय सुनुवाइ समितिको बैठकले यसबारे जानकारी गराएको हो।

बैठकमा बोल्दै समिति सभापति ईश्वरीदेवी न्यौपानेले सर्वोच्चच अदालतको न्यायाधीश पदमा प्रस्तावित मेघराज पोखरेल, श्रीकान्त पौडेल र शान्तिसिंह थापा र न्यायपरिषद्को सदस्य पदमा प्रस्तावित महेशकुमार नेपालविरुद्ध सात जनाले उजुरी दिएको जानकारी दिइन्।



सातै जना उजुरीकर्ताहरुलाई १३ गतेको समितिको बैठकमा बोलाएर जानकारी लिने सभापति न्यौपानेले बताइन्। त्यस्तै १५ गतेको समितिको बैठकमा प्रस्तावित न्यायाधीशहरु पोखरेल, पौडेल र थापाका कार्यायोजना सुन्ने र सुनुवाइ गर्ने कार्यसूची रहेको उनले बताइन्। उनले भनिन्,'१३ गतेको बैठकमा उजुरीकर्ताहरुलाई बोलाएर उजुरी सुन्ने र १५ गते न्यायपरिषदमा सिफारिस सदस्य र सर्वोच्च अदालतको न्यायाधिशमा सिफारिस हुनुभएका व्यक्तिहरुलाई बोलाएर उहाँहरुका कार्ययोजना सुन्ने र त्यसैदिन निर्णय हुन्छ। त्यो दिन निर्णय हुन नसके अर्को दिन पनि हुनसक्छ।'

न्यायपरिषद्को सदस्य पदमा प्रस्तावित नेपालविरुद्ध ५ वटा उजुरी परेका छन्। अन्य दुई वटा उजुरी भने प्रस्तावित न्यायाधीशविरुद्ध परेका हुन्। प्रसताावित न्यायाधीशहरु पोखरेल, पौडेल र थापाका कार्यायोजना र न्याय परिषद् सनस्य नेपालका कार्ययोजनाको प्रति समिति सदस्यहरुलाई वितरण समेत गरिएको छ।

# दृष्टि साप्ताहिकका सम्पादक श्रेष्ठ र सुब्बा धरौटीमा रिहा

**काठमाडौं/मस-** अदालतको अवहेलना मुद्दामा दृष्टि साप्ताहिकका सम्पादक शम्भुलाल श्रेष्ठ र दृष्टि न्युज डट कमका सम्पादक एमपी सुब्बा धरौटीमा रिहा भएका छन्। २५-२५ हजार रुपैयाँ धरौटीमा छोड्न विशेष अदालतले आदेश दिएसँगै दुवै जना धरौटी बुझाएर रिहा भएका हुन्।




विशेष अदालतका अध्यक्ष एवम् न्यायाधीश टेकनारायण कुँवर नेतृत्वको तेजनारायण सिंह राई, रामबहादुर थापा, मुरारीबाबु श्रेष्ठ, रितेन्द्र थापा र विदुर कोइरालाको बृहत् इजलासले बिहीबार दुवै जनाको बयान र थुनछेक बहसपछि २५-२५ हजार रुपैयाँ धरौटीमा छोड्न आदेश दिएको हो।

दृष्टि मिडियाका तर्फबाट कानुन व्यवसायी दिनेश त्रिपाठी, डेकेन्द्र सुवेदी, अनन्तराज लुइँटेललगायतका अधिवक्ताले बहस गरेका हुन्। वादीकोतर्फबाट विशेष अदालत बार एशोसिएसनका अध्यक्ष टीकाबहादुर कुँवर, युवराज बन्जाडे, सन्तोष कोइराला, परशुराम आचार्य, रामचन्द्र गौतमसहितका अधिवक्ताहरूले बहस गरेका थिए।

गत असार ८ गते दृष्टि साप्ताहिकले 'विशेष अदालतमा बिचौलियाको चलखेल हटेन, सेटिङका मुद्दामा ३ महिनामै सफाइ' शीर्षकमा समाचार प्रकाशित गरेको थियो। त्यस समाचारविरूद्ध नवराज सापकोटासहितले उक्त अनलाइनलाई विपक्षी बनाउँदै अवहेलनाको मुद्दा दायर गरेका थिए।

# लागुऔषध नियन्त्रण विभाग स्थापना गरिने

**काठमाडौं/मस-** सरकारले लागुऔषध नियन्त्रणका लागि आगामी आर्थिक वर्षमा लागुऔषध नियन्त्रण विभाग स्थापना गर्ने भएको छ। बिहीबार काठमाडौंमा लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै गृहमन्त्री रमेश लेखकले लागुऔषध नियन्त्रण विभाग स्थापना गरिने जानकारी दिएका हुन्।



उनले सरकारले लागुऔषधको नियन्त्रणलाई उच्च प्राथमिकता दिएको बताए। लागुऔषधलाई नियन्त्रण गर्नका लागि सरकारले आगामी आर्थिक वर्षमा गृह मन्त्रालयअन्तर्गत छुट्टै विभागको स्थापना गर्ने उनको भनाइ थियो। गृह मन्त्रालयले लागुऔषध नियन्त्रणका लागि विभिन्न योजनाहरु बनाएर काम गरिरहेको पनि गृहमन्त्री लेखकको भनाइ छ। उनले लागुऔषधको विस्तार धेरै भएको र समाज यसबाट प्रभावित बनिरहेको बताए। देशभरमा कारागारमा रहेका कैदीबन्दीमध्ये दोस्रो सबैभन्दा ठूलो संख्यामा लागुऔषधको दुर्व्यसनी, भण्डारण, ओसारपसार गर्नेहरु रहेको बताए।

गृहमन्त्री लेखकले भने, 'सरकारले लागुऔषधको नियन्त्रणलाई उच्च प्राथमिकता दिएको छ। हामी लागुऔषधलाई नियन्त्रण गर्नका लागि तपाईंहरुले भन्नुभए जस्तै छिट्टै नै छुट्टै विभागको स्थापना गर्नेछौं। म यो घोषणा गर्दछु। आउने आर्थिक वर्षमा गृह मन्त्रालयअन्तर्गत लागुऔषध नियन्त्रण विभाग स्थापना गरिनेछ। म यो आग्रह गर्न चाहन्छु। गृह मन्त्रालयले लागुऔषध नियन्त्रणका लागि विभिन्न योजनाहरु बनाएर काम गरिरहेको छ।' गृहमन्त्री लेखकले मन्त्रालयमा आफू आइसकेपछि लागुऔषध नियन्त्रणमा धेरै चासो दिएर काम गरिरहेको बताए। लागुऔषध आफैंमा एउटा समस्या रहेको र यसले समाजमा अरु समस्या पनि सिर्जना गरिरहेको बताए।

**काठमाडौं उपत्यकामा लागुऔषधको बिगबिगी**

प्रहरी महानिरीक्षक दीपक थापाले सबैको ऐक्यबद्धता भए लागुऔषध दुर्व्यसनी नियन्त्रण गर्न सफल भइने बताएका छन्।

उनले काठमाडौं उपत्यकामा लागुऔषधको बिगबिगी बढिरहेको बताए। त्यसलाई मध्यनजर गरी काठमाडौं उपत्यका प्रहरी कार्यालयले काठमाडौं उपत्यकाभर लागुऔषध रोकथाम र नियन्त्रणको अभियानलाई सशक्त ढंगले अघि बढाइरहेको उनले बताए।

उनले सबै पालिका, सबै तहतप्का र विद्यालय तहमा लागुऔषध विरुद्धको अभियानमा सचेतनामुलक कार्यक्रम लिएर अघि बढिरहेको बताए।

लागुऔषधको डिमाण्ड र सप्लाईलाई नियन्त्रण कसरी गर्ने भनेर योजना बनाइ अघि बढ्न जरुरी रहेको उनले बताए। महानिरीक्षक थापाले नेपाल प्रहरीले चालु आर्थिक वर्षको जेठ महिनासम्ममा अघिल्लो आ.व.मा भन्दा गाँजा ६५ प्रतिशत, अफिम ७७ प्रतिशत, हिरोइन ७९, अन्य औषधिजन्य लागुपदार्थ ५३ प्रतिशत बढीले बरामद गरेको जानकारी दिए। उनले लागुऔषधको न्यूनीकरण, रोकथाम र नियन्त्रणको विषय गम्भीर बन्दै गइरहेको बताए। लागुऔषधको नियन्त्रण र निवारणमा समयमै सबै एकजुट हुन नसके उत्पादनशील र सिर्जनशील युवा जनशक्ति गुमाउनुपर्ने अवस्था रहेको उनको भनाइ थियो।

# सिरहामा ब्राउन सुगरसहित २ भारतीय पक्राउ



मनु यादव निरज/मध्यान्ह
सिरहा, १२ असार

सिरहाको भगवानपुर गाउँपालिका-४, ठाडी बजारबाट लागुऔषध ब्राउन सुगरसहित दुई भारतीयलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहा, इलाका प्रहरी कार्यालय लहान र प्रहरी चौकी ठाडीको संयुक्त टोलीले गोप्य सूचनाका आधारमा भारतबाट नेपालतर्फ आउँदै गरेको बिआर ३२ एडि ६९९३ नम्बरको मोटरसाइकल खानतलासी गर्दा ब्राउन सुगर जस्तो देखिने लागुऔषध बरामद गरेको हो। प्रहरीका अनुसार पक्राउ परेका दुबै जना भारतको बिहार राज्य, मधुबनीका बासिन्दा हुन्। पक्राउ पर्नेमा ४० वर्षीय राम नारायण साह, २७ वर्षीय राजन बाबु साह छन्। पक्राउ परेकाहरुलाई आवश्यक अनुसन्धानका लागि सिरहा जिल्ला अदालतबाट ५ दिनको म्याद लिइएको छ।

यसैबीच २०७९ फागुन १० गते सिरहाको मिर्चैया-३ स्थित बताहा पुल नजिक ग्लोबल आइएमई बैंकका कर्मचारीबाट ९ लाख रुपैयाँ लुटिएको घटनाका मुख्य योजनाकारमध्ये सुजन विकलाई प्रहरीले पक्राउ गरेको छ। उदयपुरको त्रियुगा नगरपालिका-१२ निवासी विक (उर्फ सुजेन्द्र लोहनी, ३० वर्ष) भारततर्फ फरार रहदै आएका थिए। विशेष सूचनाको आधारमा सिरहा नगरपालिका-१७, खैरटोका स्थित नेपाल-भारत सीमाबाट उनलाई पक्राउ गरिएको हो।

उक्त डाँका प्रकरणमा चार जनाको समूहले बैंक कर्मचारी सहित सुरक्षा दिइरहेका प्रहरी जवान निकेश खवासमाथि हतियार देखाउँदै आक्रमण गर्दै कालो झोलामा रहेको नगद लुटेका थिए। प्रहरीका अनुसार लोहनी लुटपाटको मुख्य योजनाकार हुन्। उनी भारततर्फ भागेर लुकेर बसेका थिए। अन्य फरार अभियुक्तहरूको खोजी कार्य तीव्र पारिएको प्रहरी स्रोतले जनाएको छ। घटनालाई गम्भीर संगठित आपराधिक गतिविधिको रूपमा लिइ अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

# बझाङमा विपद् व्यवस्थापन गर्न एमालेले साहारा अभियान सञ्चालन गर्ने

सत्यराज सिंह/मध्यान्ह
बझाङ, १२ असार

सम्भावित प्राकृतिक विपद्को जोखिम न्यूनीकरण, उद्धार र राहत कार्यमा नेकपा (एमाले) बझाङले सांगठानिक संरचनामार्फत साहारा अभियान सञ्चालन गर्ने भएको छ।




देउलेखमा सम्पन्न नेकपा (एमाले) जिल्ला कमिटी बझाङको तेस्रो पूर्ण बैठकले उक्त निर्णय गरेको हो। जसअन्तर्गत पार्टी पङ्क्तिलाई विपद् व्यवस्थापनमा सक्रिय रूपमा परिचालन गरिने छ। बैठकले बाढी, पहिरो, डुबानजस्ता प्राकृतिक विपद्का सन्दर्भमा आवश्यक कार्ययोजनासहित जिल्लाभर चेतनामूलक कार्यक्रम, स्थानीय तहसँगको समन्वय र स्वयंसेवक परिचालन गर्न विशेष जोड दिने भएको छ।

नेकपा (एमाले) जिल्ला सचिव नयन बोहराका अनुसार, विपद् व्यवस्थापन गठन गरिनेछ, जसले जिल्लादेखि वडासम्मको संरचनामार्फत विपद्को पूर्वतयारी, जोखिम मूल्यांकन, उद्धार तथा राहतमा सहजीकरणको काम गर्नेछ।

सचिव बोहराले भने,'बाढी, पहिरो वा डुबानजस्ता सम्भावित जोखिमयुक्त बस्तीहरूको पहिचान गरिनेछ। त्यस्ता स्थानहरूलाई जोखिममुक्त बनाउन समन्वयात्मक पहल गरिनेछ।'

उनका अनुसार, पालिकाहरूमा विपद्सम्बन्धी बजेट व्यवस्थापनको अवस्था बुझिनेछ र तयारीका लागि स्थानीय तहलाई अभिप्रेरित गरिनेछ। रेडक्रस र अन्य उद्धारका क्षेत्रमा क्रियाशील संघ-संस्थासँग सहकार्य गरेर राहत तथा पुनर्निर्माण कार्यलाई समेत प्रभावकारी बनाइनेछ।

नेकपा एमालेका सह-सचिव तथा जनसंगठन विभाग प्रमुख पंकज भण्डारीले स्थानीय निकायसँगको सहकार्यमा उद्धार सामग्री तथा उपकरणहरूको अवस्थाबारे अनुगमन गरिने र त्यसलाई तयारी अवस्थामा राखिने बताए। भण्डारीले भने,'मौसमसम्बन्धी पूर्वसूचना लिएर जनतालाई सचेत गराउने, सूचना प्रणालीलाई प्रभावकारी बनाउने र स्वयंसेवक तयार पार्ने कार्यमा पार्टी जुट्नेछ।' उनले जनसंगठनहरूलाई तालिममार्फत् विपद्मा संलग्न गराउने र स्थानीय स्तरमै तत्कालिक सहायताका लागि जनशक्ति परिचालन गरिने जानकारी दिए।

जिल्ला अध्यक्ष दिलबहादुर भण्डारीले पार्टीको यो अभियान केवल सांगठनिक गतिविधि नभई सामाजिक उत्तरदायित्व पनि भएको बताए।

उनले भने,'विपद्का बेला राज्य संयन्त्रका साथमा राजनीतिक दलको सक्रिय भूमिका पनि अपरिहार्य हुन्छ। हामी जनताको पीडामा साथ दिन तयार छौं।'

त्यस्तै, केन्द्रीय सदस्य तथा बझाङ जिल्ला प्रतिनिधिसभा इन्चार्ज ऐन महरले विपद् पूर्वतयारीलाई सुदृढ गर्न पार्टीले वडा तह सम्म अग्रसर हुनुपर्ने बताए।

बझाङमा विपद न्यूनीकरणका लागि योजना बनाइ पार्टीले त्यही दिशामा काम गर्नुपर्ने महरको भनाइ छ। नेकपा एमालेले बझाङ जिल्लामा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन सांगठनिक शक्ति प्रयोग गरेर यो अभियानले विपद्को बेला जनताको पीडा न्यूनीकरण गर्न ठूलो योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# उपनिर्वाचनको मिति तोक्ने आयोगको तयारी

**काठमाडौं/मस-** निर्वाचन आयोगले उपनिर्वाचनलाई लक्षित गर्दै मतदाता नामावलीमा नाम दर्ता गराउन सर्वसाधारणमा आह्वान गरेको छ।

२०७९ सालमा सम्पन्न विभिन्न तहका निर्वाचनहरूपछाडि विविध कारणले रिक्त भएका प्रदेशसभा तथा स्थानीय तहका पदहरूमा उपनिर्वाचन गर्ने तयारी भइरहेको आयोगले जनाएको छ।

आयोगका सहायक प्रवक्ता दुर्गाप्रसाद चालिसेले मतदाता नामावली ऐन, २०७३ को दफा ४ को उपदफा (२) को खण्ड (२) अनुसार निर्वाचनको मिति घोषणा भएपछि मतदाता नामावलीमा नाम दर्ता गराउन नपाइने भएकाले यथाशीघ्र छिटो नाम दर्ता गराउनुपर्ने बताए।

यही कारण आयोगले नाम दर्ता गर्न छुट भएका योग्य नागरिकहरूलाई अविलम्ब मतदाता नामावलीमा नाम समावेश गराउन अनुरोध गरेको हो।

निर्वाचन आयोगले देशभरका सम्बन्धित कार्यालयहरूबाट मतदाता नामावली दर्ता कार्य सञ्चालन गरिरहेको जानकारी पनि दिएको छ।

रुपन्देही ३ मा राप्रपाका सांसद दिपक बोहराको निधन भएपछि पद रिक्त छ। त्यस्तै, मनाङ क्षेत्र नम्बर १ (२) का प्रदेशसभा सदस्य दिपक मनाङे जेल गएपछि पद रिक्त छ। स्थानीय तहमा एक दर्जन बढी वडाध्यक्ष पद रिक्त छन्। गत शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीसँग निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितका पदाधिकारीबीच रिक्त विभिन्न पदमा उपनिर्वाचनको मिति तोक्नेबारे छलफल भएको थियो।

# एसईईको नतिजा सार्वजनिक गर्ने तयारी

**भक्तपुर/मस-** यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा एक साताभित्र सार्वजनिक गर्ने तयारी भएको छ।

राष्ट्रिय परीक्षा बोर्डअन्तर्गत सानोठिमीस्थित परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का परीक्षा नियन्त्रक डा.गणेशप्रसाद भट्टराईले एसईई परीक्षाको नतिजा सार्वजनिक गर्ने अन्तिम तयारीका साथ तीव्र गतिमा काम भइरहेको बताए।

उत्तर पुस्तिका परीक्षण र सम्परीक्षणको काम सकेर प्राप्तांक इन्ट्री गर्ने काम भइरहेको बताउँदै उनले भने, 'हामीले असारको तेस्रो साताभित्र नतिजा सार्वजनिक गर्ने गरी डेट लाइन तयार गरेका हौं, कर्मचारी साथीहरूले डबल सिफ्टमा तीव्र गतिले काम गरिरहनुभएको छ। अहिले नम्बर इन्ट्रि गर्ने र रुजु गर्ने काम भइरहेको छ। काम छिटो सकियो, प्रविधिले साथ दियो भने तेस्रो सातादेखि अगाडि तानेर एक साताभित्र नतिजा सार्वजनिक गर्न सकिन्छ, त्यसैका लागि दिनरात काम भइरहेको छ।'

असार ६ गतेभित्रमा नतिजा सार्वजनिक गर्ने गरी कार्यतालिका बने पनि गत २०८१ सालको चैत २० गतेदेखि २०८२ वैशाख १७ गतेसम्म शिक्षकले काठमाडौंमा सडक आन्दोलन गरेको सडक आन्दोलन गरेका कारण नतिजा प्रकाशनमा ढिलाइ हुन पुगेको हो।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०४/२० मा दर्ता भएको **प्रा. लि. नं. १२५१६० को नेचुरल डेन्टल होम प्रा. लि.** को मिति २०८२/०२/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. ३८७, फोन नं. ९८५११६३७२३**

**सुदूरपश्चिम प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय**
**पाटन, बैतडी**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८२/03/१३**

यस कार्यालयवाट मिति २०८२/०२/०८ गते प्रकाशित सूचना अनुसार तपशिलका निर्माण व्यावसायीको बोलपत्र न्यूनतम मूल्यांकित सारभुतमा प्रवाहग्राही भई स्विकृतिका लागि सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्विकृती सम्बन्धी ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.स | ठेक्का न. | छनौट भएका बोलपत्र दाताको नाम, ठेगाना | कबोल अंक रु (भ्याट बाहेक) |
|---|---|---|---|
| 1 | WRIDDO/NCB/ Works/ 01/2081-82 | SUNTANTRA CONSTRUCTION PVT. LTD. POKHARA-9, KASKI | 19,26,547.50 |
| 2 | WRIDDO/NCB/ Works/ 02/2081-82 | NINGLASHAINI CONSTRUCTION DILASAINI 03 BAITADI | 81,61,250.0 |

**कार्यालय प्रमुख**

**गोकर्णेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
जोरपाटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८२/०३/१३

यस गोकर्णेश्वर नगरपालिका अन्तर्गत मिति २०८२/०२/०२ गतेको मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि प्रकाशित गरिएको छ।

| सि. नं. | बोलपत्र आव्हानको सूचना नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| 1. | GOMUN/NCB/ GOODS/081-82/05 | The Procurement of Printing and Supply of Books for Gokarneshwor Municipality. | Sujal Offset Press, Bagbazar Kathmandu. | 43,98,630.78 |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
१३ असार २०८२ शुक्रबार
27 June 2025, Friday

सम्पादकीय

# शिक्षा विधेयकमा विलम्ब नगर

प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सदस्यहरू बिहीबार दिनभर छलफलमा रहे । कारण– विद्यालय शिक्षा विधेयक पास गर्ने गरी शिक्षकहरूसँग भएको समयसीमा घर्किँदैछ । यही असार १५ गतेभित्र विद्यालय शिक्षा पास गर्ने समयसीमा घर्किँदै गर्दा सांसदहरू सक्रिय भएका हुन् । तर समितिका सभापति अम्मरबहादुर थापाका अनुसार विधेयकका कतिपय प्रावधानमा सहमति जुट्न सकेको छैन । राम्रो कानुन बनाउन हतार गर्न नहुने पक्षमा रहेको थापाको कथन छ । अर्थात्, शिक्षकसँगको सहमतिअनुसार असार १५ भित्रै समितिले विधेयक पास नगर्नेतिर वातावरण पुगेको छ ।

संसदीय समितिका सभापति थापाले भनेको सही हो– ऐन हतारमा बनाउन हुन्न । यस्तो तर्क कहिलेसम्म गर्ने भन्ने प्रश्न चाहीँ अहम छ । किनभने, मुलुक संघीयतामा गएको एक दशक भयो । शिक्षामा स्थानीय तह र प्रदेश सरकारको भूमिका र अधिकार के हो छुट्टिन सकेको छैन । संविधानतः स्थानीय र प्रदेश सरकारले शिक्षामा पाएको अधिकार ऐनले निर्क्योल गर्न सकेको छैन । यो बिडम्बनापूर्ण अवस्थामा नेता र सांसदहरूले ऐन बनाउन हतार गर्न नहुने तर्क गर्नु उचित होइन ।

एकातिर संसदीय समितिले विधेयक टुंग्याउन समय लगाउने र अर्कातिर शिक्षामा निजी क्षेत्रको दबाब र प्रभाव बढ्ने भइराखेको छ । संविधानले माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क भनेको छ । समाजवाद उन्मुख संविधानले गरेको परिकल्पनाअनुसार शिक्षा ऐन बनाएर जानुपर्नेमा शिक्षालाई ब्यापार गर्ने माध्यमको रूपमा प्रयोग गर्दै आएकाहरू हावी हुने अवस्था अर्को बिडम्बना हो । निजी क्षेत्रले शिक्षा क्षेत्रमा गरेको योगदान अहम छ । तर, पैसा हुने र नहुनेले पाउने शिक्षाको फरक अवस्था राज्यले चिर्नुपर्छ । यस निम्ति आवश्यक कानुनी व्यवस्था गर्न सक्नुपर्छ । अन्यथा, निश्चित क्षेत्रको दबाब र प्रभावमा विद्यालय शिक्षा विधेयक अगाडि बढाउनमा विलम्ब गरे नागरिक आक्रोश बढ्न सक्छ । जसले कसैको पनि हित गर्दैन ।

अर्थात् यो वा त्यो नाममा विद्यालय शिक्षा विधेयकलाई संसदीय समितिमा अड्काउनु संविधान कार्यान्वयनमा अझै विलम्ब गर्नु हो । संविधान कार्यान्वयन गर्ने विषयलाई एक प्रमुख मुद्दा बनाएर बनेको वर्तमान सरकारले अझ शिक्षा जस्तो विधेयकलाई अल्झाए जनतामा सही सन्देश जाँदैन । जसले मुलुकलाई क्षति त पुर्‍याउँछ नै स्वयम राजनीतिक दलहरूउपर समेत जनताले आगामी चुनावमा मत परिवर्तन गरेर जवाफ दिन सक्दछन् । यसकारण शिक्षा विधेयकलाई ऐनमा रूपान्तरित गर्नमा विलम्ब गर्नु सरकार, राजनीतिक दल र नागरिक कसैको हितमा छैन, चेतना भया !

# नेपाली औषधि उद्योगका समस्या

अग्रलेख



● शंकर मान सिंह

केही समय अगाडी सरकारी औषधि उद्योगले 'डेढ करोडको औषधि स्टक भएपछि सिटामोल र जीवनजलको उत्पादन रोक्यो' भन्ने समाचार सार्वजनिक भएको थियो । भनिन्छ, सरकारी निकायहरूले नकिन्दा समस्या भएको हो । सरसरती हेर्दा, २०७९ चैत २० गते औषधि लिमिटेडलाई २० प्रकारका औषधि उत्पादन गराउन सरकारले २४ करोड रुपैयाँ रकम दिने निर्णय गरेको थियो । केही वर्ष अगाडी गठित समितिले स्वास्थ्य, उद्योग र अर्थ मन्त्रालयलाई औषधि लिमिटेडको सुधार योजना पठाउने र त्यसलाई तीन मन्त्रालयले समन्वय गरेर कार्यान्वयनमा लैजाने निर्णयसमेत गरिएको थियो । त्यही आधारमा लिमिटेडले दुई चरणमा काम गरेर १० प्रतिशत औषधि उत्पादन वृद्धि गरेको भए पनि त्यो रकम अझै पाउन नसकेको भनिन्छ । साथै, औषधि लिमिटेडसँग सरकारकै स्वास्थ्य मन्त्रालयले नै औषधि खरिद गर्न इच्छा नदेखाएको पनि भनिन्छ ।

## प्रमुख समस्याहरू

नेपालको औषधि बजारमा प्रमुख समस्या गुणस्तरको हो । धेरै औषधि कम्पनीहरूले उत्पादन गर्ने उत्पादनमाथि गुणस्तरको कोणबाट प्रश्न उठ्ने गरेको छ । गुणस्तर नियन्त्रणको अभावका कारण, मानक औषधिहरूबाट कमसल औषधिहरू थाहा पाउन धेरै गाह्रो हुन्छ । केही औषधिमा 'भारत र नेपालमा मात्र बिक्रीको लागि' लेबल लेखिएको हुन्छ । यो औषधिमा मात्र होइन, अन्य उत्पादनहरूमा पनि देखिन्छ । यसका धेरै कारणहरू हुन सक्छन्, र त्यहाँ अनुदानित र चयन गरिएका देशहरूको लागि कम लागतमा उपलब्ध गराइएका हुन सक्छन् । बाहिर बेच्दा यसले यसको मौलिक, महँगो उत्पादनसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन सक्दछ । उदाहरणका लागि, यदि हामीले बाबा रामदेवको आयुर्वेदिक औषधि नेपालमा रू. १०० वा अमेरिकी डलर १.०० भन्दा कममा किन्छौं भने त्यही चीज अमेरिका र क्यानडामा ४० डलरभन्दा बढीमा उपलब्ध छ, तर अलि फरक प्याकेज गरिएको हुन्छ ।

नेपालको औषधि बजार एक 'टेक्टोनिक' परिवर्तनबाट गुज्रिरहेको छ । मूल्यको हिसाबले 'ब्रान्डेड जेनेरिक'हरूले नेपाली औषधि बजारको लगभग ८७ प्रतिशत हिस्सा ओगटेको छ । तीव्र मूल्य प्रतिस्पर्धा, व्यापार जेनेरिकहरूद्वारा बढेको प्रतिस्थापन र नियामक कडाइले गर्दा प्रिस्क्रिप्शनहरू मार्फत साँघुरो बाटो बन्दै गएको छ ।

ओभर-द-काउन्टर र उपभोक्ता स्वास्थ्य सेवामा अब रणनीतिक पक्षको सर्त होइन, यो एक रणनीतिक अनिवार्यता हो । साथै, मूल्य नियन्त्रण प्रणाली प्रभावकारी हुनु पर्छ । स्थानीय औषधिको निर्यात नीति छैन । स्थानीय औषधि उद्योगको हित पूरा गर्न कुनै सहयोग छैन । अनैतिक फार्मा अभ्यासको कडा अनुगमन छैन । प्याकिङ सामाग्रीको लागि कच्चा मालको ट्यारिफ उच्च, तर समाप्त प्याकिङ सामग्री कम छ । यसकारण प्याकिङ लागत सामग्री स्थानीय आपूर्तिकर्ताभन्दा सस्तो छ । प्रविधि सम्बन्धमा, सेमी-अटोबाट पूर्ण स्वचालितमा प्रविधि परिवर्तनका लागि ठूलो लगानी र सबैले खर्च गर्न सक्दैन । प्राविधिक स्थानान्तरण र उच्च प्रविधि उपकरणहरूको सुविधा समेत उपलब्ध हुनुपर्छ । विश्व स्वास्थ्य संगठनको 'गुड म्यनुफ्याक्चारिङ प्राक्टिस (जीएमपी)' दिशानिर्देशहरूले प्रत्येक प्रक्रियाबारे ध्यान दिन भनेको छ ।

सरकारले औषधिको आयातलाई निरुत्साहित गरी आत्मनिर्भर बनाउँदै लैजानुपर्छ । राष्ट्रिय उद्योगहरूको दिगो विकासको लागि त्यस्ता उत्पादनहरूमा जोड दिनुपर्छ । विद्यमान औषधि उद्योगको बजार हिस्सा आयातको तुलनामा कम भएकोले, राष्ट्रिय उत्पादनको स्वदेशी बिक्री र निकासीलाई अब सरोकारवालाहरूले सम्भव भएसम्म प्रवर्द्धन गर्नुपर्छ ।




## औषधि लिमिटेड जिएमपी प्रमाणपत्र

नेपाल औषधि लिमिटेडले विश्व स्वास्थ्य संगठनको मापदण्ड कुशल औषधि उत्पादन अभ्यास (जिएमपी) प्रमाणपत्र प्राप्त गरेको छ । लिमिटेडले सम्पूर्ण मापदण्ड पूरा गरेपछि स्थापना भएको पाँच दशकपछि केही समय अगाडी औषधि व्यवस्था विभागबाट अन्तर्राष्ट्रिय मान्यताको उक्त प्रमाणपत्र प्राप्त गरेको थियो । विसं २०२९ सालमा शाही औषधि लिमिटेड कम्पनी स्थापना भए पनि २०६४/६५ सम्म जिएमपीको प्रावधान थिएन ।

विसं २०७४ सालदेखि कम्पनीले सो मापदण्डमा औषधि उत्पादन सुरू गरेपछि मात्रै उक्त प्रमाणपत्र प्राप्त भएको हो । उक्त प्रमाणपत्र प्राप्त भएसँगै कम्पनीलाई औषधि बिक्री, विदेशमा निर्यात र अन्तर्राष्ट्रिय स्तरमा बोलपत्रमा सहभागी हुन बाटो खुलेको छ । प्रमाणपत्र प्राप्त गर्नु आफैमा ठूलो उपलब्धि भएको छ । नेपाल औषधि लिमिटेड कम्पनी ऐन, २०२१ अन्तर्गत ब्रिटिस सरकारको प्राविधिक सहयोगमा विशेषज्ञता र उपकरणको रूपमा स्थापना भएको र राष्ट्रको औषधि उद्योगमा कोसेढुङ्गा बनेको सरकारी संस्था हो ।

## विगतको स्मरण

विगतलाई सम्झँदा यो उद्योगले उत्पादन गर्ने सल्फा ड्रग्स, सल्फास्थिन, डेन्टेक, नेत्रासोल, नेडीकुईन्, त्रिमाजेल, इफेद्रिन, डाईमाजेल, एसीट्रासोल, फेन्कोदीन, आरडी सोल, मेनक्याम, एमजिट आदि जस्तो नेपाली नामकरण निकै राम्रो रहेको स्मरण हुन्छ । अरूभन्दा बांगेमुडामा दाँत दुख्दा किल्ला ठोकेको तस्बिरले डेन्टेकको प्रवर्द्धन गरेको, हुक्का खाएर फेन्कोडीनको लिटरेचर बनाएको निकै आकर्षक थिए ।

इतिहासको सरसरी हेर्दा, नेपाली औषधि बजारको वास्तविक इतिहास वीरको स्थापनासँगै सुरू भएको हो । त्यतिबेला जनताको माग पूरा गर्न औषधि आयात हुन्थ्यो । नेपाल फार्मास्युटिकल्सले आफ्नो पहिलो एलोप्याथिक प्लान्ट गोदावरीमा स्थापना गरे पनि सफल हुन सकेन । २०२६ केमिड्रग उद्योगको स्थापनासँगै निजी क्षेत्रको प्रवेश भएको हो र त्यसलाई पछ्याउँदै रोयल ड्रग लिमिटेडले पनि २०२९ मा सरकारी उद्योग (१९७३ इस्वी)मा स्थापना भयो ।

*सरकारले विदेशी औषधिको आयातलाई निरूत्साहित गरी नेपाल औषधि लिमिटेडसहित स्वदेशी उद्योगहरूलाई आत्मनिर्भर बनाउने नीति नलिएसम्म समस्या जहाँको त्यहीँ हुनेछ । साथै, भएका उद्योगहरूले उत्पादन गर्ने औषधिको गुणस्तरीयता र बजारीकरणमा पनि सहयोग अनिवार्य छ...*

सन् १९७८ जस अन्तर्गत सरकारी नियामक निकाय औषधि व्यवस्था विभागको स्थापना २०३६ मा भएको देखिन्छ । २०६० वि.सं. देखि राम्रो निर्माण अभ्यास र यसको प्रमाणीकरण जसले नेपाली औषधिलाई प्रेरित गऱ्यो । कम्पनीहरूले गुणस्तरीय औषधि उत्पादन गर्न र उनीहरूसँग प्रतिस्पर्धा गर्ने सपना देख्न सक्षम बनाए । हालैको डी.डी.ए नीतिले डब्ल्यूएचओले विदेशी कम्पनीहरूलाई प्रमाणीकरण गर्न सिफारिस गरेको मापदण्ड प्रस्तुत गऱ्यो । साथै, आफ्नो उत्पादन नेपालमा बजारीकरण गर्दा धेरै भारतीय कम्पनीहरूले गुणस्तर बनाउनुपरेको थियो ।

नेपालको फार्मास्युटिकल परिदृश्यले नियामक बाधाहरू र पूर्वाधारको कमीदेखि सीमित अनुसन्धान र विकास क्षमतासम्मका बहुआयामिक चुनौतीहरू देखाउँछ । यसको विपरीत, बंगलादेशको सफलताको कथा रणनीतिक पहलहरू, नवीन नीतिहरू र एक लचिलो उद्यमशीलताको भावनाले आधारित छ । यो असमानताले प्रश्न उठाउँछः नेपालले बंगलादेशबाट के पाठ सिक्न सक्छ ? बंगलादेशको दृष्टिकोण कम विकसित देशको रूपमा, नेपालले अन्तर्राष्ट्रिय सम्झौताहरू, विशेष गरी बौद्धिक सम्पत्ति अधिकारहरू अन्तर्गत छुटहरूबाट फाइदा लिन्छ । यी सुविधाहरूको बाबजुद पनि, नेपालले यी प्रावधानहरूलाई पूर्ण रूपमा प्रयोग गर्न सकेको छैन । नेपालमा उत्पादन हुने सबै औषधिहरू जेनेरिक छन् र तिनीहरूका सूत्रहरू लामो समयदेखि सार्वजनिक डोमेनमा उपलब्ध छन् । अहिले उत्पादकहरूको लागि बाहिर खडा हुने एक मात्र तरिका हो, आक्रामक मार्केटिङ रणनीति । त्यसो गर्न नसके कम्पनीहरू अगाडि आउन सक्दैनन् ।

## इतिहासमा आज

२७ जुन २०१५ मा ताइवानको एक मनोरञ्जनात्मक पानी पार्कमा फर्मोसा फन कोस्टमा आगलागी हुँदा १५ जनाको मृत्यु भएको थियो । जसमा ४९७ जना घाइते भएका थिए ।



२७ जुन २०१४ मा भारतको आन्ध्र प्रदेशको पूर्वी गोदावरी जिल्लामा ग्यास अथोरिटी अफ इन्डिया लिमिटेडको पाइपलाइन विस्फोट हुँदा कम्तिमा १४ जनाको ज्यान गएको थियो ।



२७ जुन २०१३ मा नासाले सूर्यको अवलोकन गर्न इन्टरफेस क्षेत्र इमेजिङ स्पेक्ट्रोग्राफ स्पेस प्रोब सुरु गरेको थियो ।



२७ जुन २००७ मा टोनी ब्लेयरले बेलायती प्रधानमन्त्रीको पदबाट राजीनामा दिए, जुन पद उनले १९९७ देखि सम्हालेका थिए । ब्लेयरको राजीनामासँगै चान्सलर गोर्डन ब्राउनले जिम्मेवारी सम्हालेका थिए ।



# अर्थतन्त्रका लागि सार्वजनिक–निजी साझेदारी

विचार



● राजेन्द्र गजुरेल

*सार्वजनिक–निजी साझेदारीको उपयोगले सरकारको आर्थिक बोझ कम हुन्छ । कतिपय परियोजनाहरूमा सरकारको लगानी नहुँदा पनि सेवा प्राप्त हुन्छ । यसले सरकारले अरू प्राथमिक क्षेत्रमा ध्यान दिन सहज बनाउँछ । निजी क्षेत्रको दक्षता, शीघ्र कार्यान्वयन क्षमता र प्रतिस्पर्धी प्रवृत्तिले सेवाको गुणस्तर वृद्धि गर्छ...*

अर्थतन्त्रको विकासका लागि सार्वजनिक-निजी साझेदारी (पिपिपि) आजको सन्दर्भमा एक प्रभावकारी र अपरिहार्य उपाय बनेको छ । जब राज्यसँग सबै क्षेत्रलाई समेट्ने स्रोत र क्षमताको अभाव हुन्छ, तब निजी क्षेत्रसँग मिलेर काम गर्ने अवधारणा महत्वपूर्ण बन्छ । नेपालजस्तो विकासशील देशमा, जहाँ पूर्वाधार विकास, रोजगारी सिर्जना, लगानी प्रवर्द्धन, सेवा प्रवाह सुधारजस्ता थुप्रै आवश्यकता छन्, त्यहाँ सार्वजनिक-निजी साझेदारीले अर्थतन्त्रमा सकारात्मक ऊर्जा भर्न सक्छ ।

सार्वजनिक-निजी साझेदारी कुनै साधारण सहकार्य होइन । यो राज्य र निजी क्षेत्रबीच पारदर्शिता, जवाफदेहिता, दीर्घकालीन प्रतिवद्धता तथा स्पष्ट लाभ-हानिको मूल्यांकनसहितको सहकार्य हो । राज्यले नीतिगत सहजीकरण, कानुनी संरचना, भूमि व्यवस्था, अनुमतिपत्र, कर छुट आदि दिन्छ भने निजी क्षेत्रले पूँजी, प्रविधि, दक्ष जनशक्ति, कार्य दक्षता र सेवा गुणस्तरमा योगदान पुऱ्याउँछ । यस किसिमको संयोजनबाट यस्तो पूर्वाधार र सेवा तयार हुन्छ, जुन न राज्यले एक्लै दिन सक्छ, न निजी क्षेत्रले ।

नेपालमा पछिल्लो समय केही सकारात्मक उदाहरणहरू देखा परेका छन् । काठमाडौंको ढल व्यवस्थापन, विद्युतीय यातायात प्रवर्द्धन, हाइड्रोपावर परियोजनाहरू, कृषि भण्डारण केन्द्र, विशेष आर्थिक क्षेत्र (सेज), औद्योगिक करिडोर, शिक्षण तथा स्वास्थ्य क्षेत्रमा भएका साझेदारी प्रयोगहरूले देखाउँछन् कि निजी क्षेत्रलाई समेटेर राज्यले विकासको गति बढाउन सक्छ । उदाहरणका लागि, ठूला जलविद्युत् आयोजनामा निजी क्षेत्रको सहभागिताले उत्पादन क्षमतामा मात्र नभइ, रोजगारी, पूर्वाधार विस्तार, स्थानीय विकास र कर संकलनमा समेत सकारात्मक प्रभाव पारेको छ ।

सार्वजनिक-निजी साझेदारीको उपयोगले सरकारको आर्थिक बोझ कम हुन्छ । कतिपय परियोजनाहरूमा सरकारको लगानी नहुँदा पनि सेवा प्राप्त हुन्छ । यसले सरकारले अरू प्राथमिक क्षेत्रमा ध्यान दिन सहज बनाउँछ । निजी क्षेत्रको दक्षता, शीघ्र कार्यान्वयन क्षमता र प्रतिस्पर्धी प्रवृत्तिले सेवाको गुणस्तर वृद्धि गर्छ । यसले जनताको जीवनस्तर सुधारमा प्रत्यक्ष प्रभाव पार्छ । साथै, सरकारले नियन्त्रण र अनुगमनमार्फत गुणस्तरीय सेवा सुनिश्चित गर्न सक्छ ।

तर, यस साझेदारीलाई सफल बनाउन केही आधारभूत पूर्वशर्तहरू आवश्यक छन् । सर्वप्रथम, कानुनी र नीतिगत स्पष्टता अत्यावश्यक छ । हाल नेपालमा पिपिपि नीति छ, तर व्यवहारिक कार्यान्वयनमा अझै धेरै कमजोरी छन् । प्रक्रिया जटिल छ, निर्णयमा ढिलाइ हुन्छ, अनि निजी क्षेत्रले अपेक्षाकृत सुरक्षाको अनुभूति गर्न सक्दैन । यसले गर्दा धेरै सम्भावना भएका परियोजनाहरू अलपत्र परेका छन् । साथै, निजी क्षेत्रप्रति सार्वजनिक धारणा अझै पनि नकारात्मक हुने गरेको देखिन्छ । मुनाफाको लोभ, एकाधिकार, सेवाको अनियमितता, तथा नियमनको अभाव जस्ता कारणले निजी क्षेत्रमाथि प्रश्न उठ्ने गरेको छ । त्यसैले पिपिपि मार्फत सेवा प्रवाह गर्दा पारदर्शिता र जवाफदेहिता अझ बढी सुनिश्चित गर्नुपर्छ ।

नेपालमा पिपिपिको प्रभावकारी कार्यान्वयनका लागि क्षमता अभिवृद्धि पनि अत्यावश्यक छ । सम्बन्धित निकायहरूमा पिपिपि परियोजना पहिचान, आयोजना निर्माण, अनुबन्ध प्रबन्धन, अनुगमन र मूल्यांकन गर्न सक्ने दक्ष जनशक्ति आवश्यक छन् । यस्ता क्षमता विकास नभएसम्म ठूला पिपिपि परियोजनाहरू सञ्चालनमा समस्या आउँछ । परियोजना छनोट गर्दा सामाजिक-आर्थिक पक्ष, दिगोपनाको मूल्यांकन, वातावरणीय प्रभाव अध्ययन आदिलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ । यसरी मात्र साझेदारी परियोजनाहरू दिगो, जनमुखी र परिणाममुखी बन्न सक्छन् ।

नेपालमा पिपिपि विस्तार गर्नका लागि केही सुझावहरू अघि सार्न सकिन्छ । पहिलो, पिपिपि नीति र कानुनी संरचना अझ स्पष्ट र व्यवहारिक बनाउनुपर्छ । दोस्रो, पिपिपिको विशेष इकाईलाई सशक्त बनाइ विशेषज्ञ जनशक्ति परिचालन गर्नुपर्छ । तेस्रो, पिपिपि परियोजनामा नागरिक समाज र सञ्चार माध्यमको सहभागिता बढाएर पारदर्शिता कायम गर्नुपर्छ । चौथो, लगानीमैत्री वातावरण बनाउन राजनीतिक स्थायित्व, प्रशासनिक पारदर्शिता र कानुनी सुनिश्चितता अत्यावश्यक छ । अनि पाँचौं, पिपिपिलाई सहर केन्द्रित मात्र नराखी ग्रामीण भेगका आधारभूत पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ आदिमा पनि विस्तार गर्नुपर्छ ।

यदि यी सुधारका उपायहरू अवलम्बन गरिए भने, सार्वजनिक-निजी साझेदारी नेपालको आर्थिक विकासको मूल सिँढी बन्न सक्छ । यसले सरकार र निजी क्षेत्रबीच विश्वासको सम्बन्ध बलियो बनाउँछ, नवप्रवर्तनलाई प्रोत्साहन गर्छ, रोजगारी सिर्जना गर्छ, र समग्र आर्थिक संरचनालाई प्रतिस्पर्धी बनाउँछ । नेपालको समृद्धिको सपना तब मात्र सम्भव छ, जब राज्यले निजी क्षेत्रलाई विरोधी होइन, साझेदारका रूपमा स्वीकार गर्छ । साझा दृष्टिकोण, साझा प्रयास र साझा प्रतिवद्धता नै आर्थिक समृद्धिको मूल मन्त्र हो । सार्वजनिक-निजी साझेदारी त्यसकै मार्ग हो ।

## सामाजिक सञ्जाल



नवराज पन्त

नेपालमा एउटै बैंकले ४.९९ प्रतिशतमा ऋण दिन्छ र त्यही बैंकले १०.५० प्रतिशत ब्याज असुली गरेको पनि छ । यो सामन्ती ब्याज प्रथा हो । नेपालमा कुनै पनि बैंकबाट ऋण लिनु हुँदैन, जनतालाई बैंकले खाल्डोमा जाक्छ । प्रायः गभर्नरहरू कठपुतली बन्ने गरेका छन् । हाइड्रोमा खर्बौं सुरक्षित लगानी भएको बैंकले व्यक्तिगत धितो लुट्नु खराब नीति हो ।

आदर्श एकातर्फ यथार्थ अर्कैतिर फर्कियो सरकारको कामकाज । दिशानिर्देश, गन्तव्य, सिद्धान्त, दर्शन, मूल्यमान्यताअनुसार हुनुपर्ने तर, 'काशी जाने भन्यो कुती जाने बाटोतिर हिँड्यो' । यथार्थमा कार्यान्वयन गर्न/गराउन किन सधैं ढाँटेको ? मन, बचन र कर्मको बाचा हो, घोषणापत्र ।



प्रेमकान्त अधिकारी



मुमाराम खनाल

'भिजिट-भिसा'मा अनियमितता गर्ने माथिल्लो कर्मचारी, छानबिन गर्ने समितिका सदस्य उनैका 'साथी कर्मचारी' र उच्चस्तरीय समितिको नेतृत्व गर्ने उनकै 'हाकिम कर्मचारी' । 'वैरागी' बेहोरेर 'वैराग्य' भोग्न माओवादीले त सजिलै सक्छ, तर अरूलाई त साह्रै गाह्रो हुन्छ । नाटक पनि अति नै नाटकीय भयो ।

आलमको फैसलाको पूर्ण पाठ रमाइलो छ । फैसलामा घटनाको अनुसन्धानबाट पुष्टि हुन नसकेको र वादीले ठोस प्रमाण पेस गर्न नसकेको उल्लेख छ । वादी यानिकि सरकारी वकिल र पुलिसले प्रमाण पेस गरेनन् । सूर्य चन्द्र जसकै सफा प्रमाण किन पेस भएनन्, न्यायाधीशले थप प्रमाण पेस गर भनेर किन भनेनन् ? गजबको रहस्य !



कृष्ण घिमिरे

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# लामपाटी दरबारको अतिक्रमित जग्गा फिर्ता गराएरै छाड्छौं : नगरप्रमुख श्रेष्ठ

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १२ असार

सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्ण प्रसाद श्रेष्ठले ऐतिहासिक लामपाटी दरबार परिसरको अतिक्रमित जग्गा फिर्ता गराएरै छाड्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले अहिले १ दशमलव ५ रोपनीमा सीमित रहेको दरबार क्षेत्रको करिब २१ रोपनी अतिक्रमित जग्गा कानुनी प्रक्रियाबाट भएपनि फिर्ता गराउने बताए ।

रिपोर्टर्स क्लब लुम्बिनी प्रदेशद्वारा लामपाटी दरबार परिसरमा आयोजित 'ऐतिहासिक लामपाटी दरबारको संरक्षण र प्रवर्द्धनमा सरोकारवालाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा नगरप्रमुख श्रेष्ठले दरबार क्षेत्रको संरक्षणमा नगरपालिकाले अग्रसर भूमिका खेल्ने प्रतिबद्धता जनाए ।

उनले जंगबहादुर राणाको जन्मस्थल लामपाटी दरबार क्षेत्रलाई पर्यटकीय हबको रूपमा विकास गर्ने योजना पनि सुनाए । 'इतिहास बोकेको सम्पदा संरक्षण गर्नु हामी सबैको कर्तव्य हो,' श्रेष्ठले भने, 'अतिक्रमण अन्त्य गर्न जनसहभागिता र कानुनी प्रक्रिया दुवैमार्फत अघि बढ्छौं ।'




कार्यक्रममा जिल्ला समन्वय समिति अर्घाखाँचीका निवर्तमान प्रमुख पिताम्बर शर्मा भुसालले राज्यले मथुराको ऐतिहासिक महत्व बुझ्न नसकेको गुनासो गरे । उनले जग्गा फिर्ताका लागि राज्यले तत्काल कदम चाल्नुपर्नेमा जोड दिए । छत्रदेव गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले जिल्लाका सम्पदाहरूको एकीकृत संरक्षण र विकासका लागि दीर्घकालीन योजना आवश्यक रहेको बताए । सन्धिखर्कका निवर्तमान नगरप्रमुख कमल प्रसाद भुसालले सार्वजनिक सम्पत्तिको संरक्षणमा राज्य गम्भीर र जवाफदेही हुनुपर्नेमा जोड दिए । उनले योजनाबद्ध विकासका लागि डिपिआर तयार पारेर काम अगाडि बढाउनुपर्ने बताए । छत्रदेव-२ का निवर्तमान अध्यक्ष तथा बल्कोट पौवा संरक्षण समितिका अध्यक्ष राजेश पन्थीले दरबार क्षेत्रको जग्गा खुम्चिँदै गएकोप्रति चिन्ता व्यक्त गर्दै सम्बन्धित निकायले चासो नदिए जनस्तरबाटै प्रतिवाद गर्ने चेतावनी दिए ।

अन्य वक्ताहरूले लामपाटी दरबारको मूलगेटमा जंगबहादुर राणाको शालिक निर्माण, सम्पदाको पुरातात्त्विक शैलीमै मर्मत, धार्मिक तथा पर्यटन प्रवर्द्धनमा बल दिनुपर्ने सुझाव दिए । उनीहरूले ऐतिहासिक सम्पदाबाट रोजगारी, पर्यटन र स्थानीय समृद्धिको सम्भावना औंल्याए ।

कार्यक्रममा गोपेश्वर पिठका प्रतिनिधिहरू, स्थानीय अगुवाहरू, राजनीतिक दलका प्रतिनिधि तथा शिक्षाविद्हरूको उपस्थिति रहेको थियो । पाणिनी बहुमुखी क्याम्पसका प्राध्यापक माधवराज चुँदालीले कार्यपत्र प्रस्तुत गरेका थिए । रिपोर्टर्स क्लब लुम्बिनीका अध्यक्ष रामकुमार क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार महासंघ अर्घाखाँचीका उपाध्यक्ष रुद्रमणि भुसालले सञ्चालन गरेका थिए ।

# झाडापखाला र ज्वरोका बिरामी बढे



**तनहुँ/मस–** तनहुँको आँबुखैरेनी अस्पतालमा झाडापखाला र ज्वरोका बिरामी बढ्न थालेका छन् । मौसम परिवर्तन भएसँगै झाडापखाला र ज्वरोको बिरामी बढेका हो । दिनमा १५० जनाभन्दा बढी बिरामी उपचारका लागि आउने गरेकामा करिब २० जना ज्वरोका र १५ जना झाडापखालाका बिरामी देखा पर्न थालेका अस्पतालका सुपरिटेन्डेन डा. डिबी क्षेत्रीले जानकारी दिए ।

'पहिला एक-दुई जना बिरामी देखिनेमा अहिले त्यो संख्या १५-२० पुगेको छ । पखालाका बिरामीलाई अस्पतालमा भर्ना गरेर उपचार गरिरहेका छौँ", उनले भने ।

ज्वरोका बिरामीको स्वास्थ्य परीक्षण गरी भाइरल सङ्क्रमण देखिएमा सिटामोललगायत आवश्यक औषधि दिने गरिएको बताउँदै निको नभएका वा गम्भीर प्रकृतिका बिरामीको रगत जाँच गरी टाइफाइड र डेङ्गी परीक्षण गर्ने गरिएको सुपरिटेन्डेन डा. क्षेत्रीले जानकारी दिए ।

उनका अनुसार बिरामीले रोग निको नहुँदासम्म सफा, स्वच्छ पानी प्रशस्त पिउने, आराम गर्ने, झोलिलो पदार्थ प्रशस्त पिउनेलगायत सुझाव दिने गरिएको छ ।

अस्पतालमा मधुमेह, उच्च रक्तचाप, हाडजोर्नी, छालाजन्य, प्रसूतिलगायत बिरामीको संख्या पनि बढ्दै गएको अस्पताल प्रशासनले जनाएको छ ।यति बेला खेती लगाउने समय भएकाले बहिरङ्ग (ओपिडी) घुइँचो कम भए पनि इमरजेन्सी कक्षमा बिरामीको चाप बढिरहेको छ ।१ मंसिर २०७९मा सञ्चालनमा आएको यस अस्पतालले क्रमिक रूपमा स्वास्थ्य सेवा विस्तार गर्दै नागरिकलाई सेवामा सहज बनाउँदै आएको छ । यसअघि ओपिडी, इमरजेन्सी, ल्याब फार्मेसी, एक्स-रे, भिडियो एक्स-रे, नियमित सेवा दिँदै आएको अस्पतालले पछिल्ला समय डेनटल सेवा, फिजियोथेरापी, डायलासिस, प्रसूतिको शल्यक्रिया, गाँठागुठीको शल्यक्रियाका साथै हाडजोर्नी तथा नशा रोग विशेषज्ञ सेवा पनि थप गरेको अस्पतालका सुपरिटेन्डेन डा. डिबी क्षेत्रीले जानकारी दिए ।

यसैबीच आँबुखैरेनी गाउँपालिकाको स्रोतबाट हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा. रामकुमार साहबाट नियमित सेवा दिन थालिएको छ ।

उक्त सेवासँगै स्थानीयवासीले हाडजोर्नी तथा नशासम्बन्धी उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता अन्त्य भएको गाउँपालिकाले जनाएको छ । आधारभूत अस्पतालले आफूले गर्नुपर्ने दायित्वभन्दा बढी सेवा दिइरहेको अस्पतालका सुपरिटेन्डेन डा. क्षेत्रीले बताए । उनले भने, 'जुन राज्य र संविधानले सोचेभन्दा बढी स्थानीय तहले सेवा प्रवाह गर्दै आएको छ। आधारभूत अस्पतालभित्र हाडजोर्नी, डायलासिस, प्रसूतिको शल्यक्रिया गर्नुपर्ने होइन । यहाँ बढीभन्दा बढी सेवा प्रवाह गरी नागरिकको उपचारमा सहज बनाएका छौँ ।'

अस्पतालमा 'गाइनोलोजिष्ट' र 'जनरल सर्जरी'को आवश्यक देखिएको जनाउँदै क्षेत्रीले आगामी दिनमा साकार बन्ने लक्ष्य राखिएको बताए ।

# सल्यानमा सय बढी बस्ती जोखिममा

**सल्यान/मस–** सल्यानका १० स्थानीय तहमा सयभन्दा बढी बस्ती बाढी, पहिरो र डुबानको जोखिममा छन् । जसका कारण ४ हजार परिवार प्रभावित भएका छन् । तथ्यांकअनुसार बाढीबाट जिल्लाका १० स्थानीय तहका १९, पहिरोबाट ७३ र डुबानका कारण ११ बस्ती जोखिममा छन् । तीमध्ये ३५ बस्ती उच्च जोखिममा रहेका छन् । उच्च जोखिममा परेका बस्ती अहिलेसम्म सम्बन्धित निकायले स्थानान्तरण गर्न सकेका छैनन् ।

बाढी, पहिरो र डुबानबाट शारदा नगरपालिकाभित्र श्रीनगर बजार, शान्तिनगर, रेसमज्युला, रामेखोला, ज्वालापुर , खैराबाङ, स्यानीखाल, बन्गाडकुपिण्डे नगरपालिकाका गैरीबजार, नाथेखोला, गर्चे, रैकर, बाङ्गेरह, मैनेनी, ज्याले, कोटभीर, निगालचुला , भदाले, चिसापानी, बाबियाचौर जोखिममा छन् । बाग्चौर नगरपालिकाका दोभानबजार , सिमखोली, परिलेख, मौरीघारे, धामीढुंगा, कुइयापानी, रातामाटा बाफुखोला, ओखरेनी, जोरपानी, अँधेरी, चिसापानी, तरुलेखोली, जमरा, भयारनाथ, त्रिवेणी गाउँपालिकाका रिखेबजार, ढुंगीबगर, लुहामबजार, अखेला, कालापोखरा, चोरखोला, थकलेनी,टाटके, कैनेपानी, रावतगाउँ , सिम्क, टुनिबोट, डाँडागाउँ, डाडासल्ले, श्रीचवर जोखिम क्षेत्र हुन् । कपुरकोट गाउँपालिकाभित्रका गैरीबाङ, सिमलकुना, दानबाङ, कपुरकोट बजार, चोरखोला, फलाटे, मुलपानी, दहवन, सिन्दुरी, सल्लाम, छत्रेश्वरी गाउँपालिकाका लान्तीबजार, सांघार, चामे, चोरपाटा, सल्लेरी, साधनचौर प्राकृतिक विपद्को जोखिममा छन् । कालिमाटी गाउँपालिकाका खैरेनी जम्मुखोला, पाखापानी, कालाखोला, गणेशज्युला , किचने खोला, खारखोला जलजला, बाटुले, ज्याङ, कुमाख गाउँपालिकाका स्यानीपिप्ली, खोलाखेत, च्याउखोला, त्वालधारी, झारकाँडा, जिउली, खारखोला, शान्तिबजार, सिद्धकुमाख गाउँपालिकाका सिमखोली, भडारे, फलाटे, सुरेली, दुबेरीचौर र दार्मा गाउँपालिकामा फारुला बजारलगायत वडा नं २,३ र ४ का बस्ती जोखिममा छन् ।

बाढी ,पहिरो र डुबानबाट बस्ती जोगाउनका लागि विगतदेखि सम्बन्धित निकायले खोला, पहिरो गएको स्थानमा बाँध निर्माण, पक्की पर्खाल तथा वृक्षारोपण कार्यक्रम गर्दै आएका छन् तर त्यसको प्रभाव त्यत्ति परेको छैन । बाढी, पहिरोले बेलाबेलामा क्षति पुऱ्याउने गरिरहेको छ ।

विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद सुवेदीले विपद् प्रतिकार्य भइरहेको बताए । उनले जिल्लाका सबै पालिका र रेडक्रससँग बसेर छलफल चलिरहेको र विगतमा बस्ती आसपासमा भएको बाढी, पहिरोको क्षतिबाट सबैलाई बचाउन तारजाली लगाउने काम भने भइरहेको उनले जानकारी गराए । विपद्बाट सर्वसाधारणलाई बचाउन सचेतनामूलक कार्यक्रम पनि भइरहेको उनको भनाइ छ ।

कपुरकोट गाउँपालिकाका अध्यक्ष दुर्गाबहादुर पुनले पालिकाभित्र दर्जन बस्ती पहिरोको जोखिममा भए पनि सबैभन्दा उच्च जोखिममा कपुरकोट बजार र सल्लाम रहेको बताए । सल्लामका केही घर परिवार स्थानान्तरण गर्न सफल भए पनि कपुरकोट बजारका स्थानीयलाई स्थानान्तरण गर्न नसकिएको उनको भनाइ छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१३**

**आभा शिक्षा सदन काठमाडौं** को मिति २०८२/०२/२५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **युनिग्लोब प्रिमियर स्कुल काठमाडौं (प्रा.लि. नं.: ३०३०८)** कायम गर्ने गरी मिति २०८२/०३/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/१०/२६ मा दर्ता भएको **दर्ता नं. १६३३६३** को **श्री साइट हक** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०१/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

**दावी विरोध सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८२/०३/१३

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री Employment Link Nepal Pvt.Ltd. (इ.प.नं. २९९/०५८/०५९) को **साविकको ठेगाना काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २६ परिवर्तन गरी काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. १०** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**जलेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जलेश्वर, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

**आशय पत्र सम्बन्धी सूचना**

**मितिः २०८२/०३/१३**

यस जलेश्वर नगरपालिकाबाट वडा नं १ देखि १२ सम्म खानेपानी हैन्ड पाईप सामग्री बितरण कार्यको लागि मिति २०८२/०२/१२ गतेको मधेश दृष्टी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम फर्म सप्लार्यसवाट मिति २०८२/०३/११ गते पेश हुन आएको बोलपत्र देहाय अनुसारको फर्मसगं खरिद गर्ने भनी मूल्याकंन समितिबाट मिति २०८२/०३/१२ गतेको निणर्य सिफारिस भई आएकोले आशयपत्र सम्वन्धी सूचना प्रकाशित गरिएको छ । कुनै फर्मको सो सम्बन्धमा प्रतिक्रिया भए ७ दिन भित्र यस नगरपालिकामा पेश गर्न अनुरोध छ ।

| सि. नं. | कार्यको योजनाको विवरण | ठेक्का नं | लइ रकम (भ्याट समेत) | कबोल रकम (भ्याट समेत) | फमको नाम ठेगाना |
|---|---|---|---|---|---|
| १ | वडा नं १ देखि १२ सम्म खानेपानी हैन्ड पाईप सामग्री बितरण कार्य | 05/NCB/1S1E/GOODS/JM/2081/082 | 1,16,84,700.23 | 90,40,329.34 | Aditya Trading House Nepalgunj-10, Banke Nepal |

**प्रमुख प्रशासकीय अधिकृत**

**Free Visa ! Free Ticket !! Free Recruitment !!!**
**(Zero Cost) सहित QATAR मा बैदेशिक रोजगारको अवसर**

**Hamad Bin Khalid Contracting Company**

पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८१/०५/०६ चलानी नं. : ६०२२६९८४ LT No.: 309181

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 20 | 0 | काममा दक्ष | 1100 | ४१,५४०/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Driver | 2 | 0 | | 1700 | ६४,२००/- | | | | | | | |
| ३. | Labour | 80 | 0 | | 1000 | ३७,७६५/- | | | | | | | |
| ४. | Mason | 14 | 0 | | 1100 | ४१,५४०/- | | | | | | | |
| ५. | Plumber | 10 | 0 | | 1100 | ४१,५४०/- | | | | | | | |
| ६. | Reinforc Fitters | 11 | 0 | | 1100 | ४१,५४०/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | रु. ७,००/- रोजगारदाता कम्पनीले | निःशुल्क |

**अन्तरवार्ता २०८२ असार २२ गते (6 July, 2025) पि.आई.टि ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा, २०८२ असार २३ गते (7 July, 2025) झापा ट्रेनिङ सेन्टर, बिर्तामोड, झापामा, २०८२ असार २४ गते (8 July, 2025) पुर्वेली ट्रेनिङ सेन्टर, बेलबारी, मोरङमा, २०८२ असार २५ र २६ गते (9 & 10 July, 2025) ओसो ट्रेनिङ सेन्टर, नेपालगंज, बाँकेमा, २०८२ असार २५ र २६ गते (9 & 10 July, 2025) तिलोतमा टेक्निकल ईष्टिच्युट, बुटवल, रुपन्देहिमा र २०८२ असार २७ गते (11 July, 2025) पिस ट्रेनिङ सेन्टर ग्वार्को ललितपुरमा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ३) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ४) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ५) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम ईजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

**GADGET SHOP**

VAT No. 301124672 Cell No. 9847307182

| S.N. | Items | MRP |
|---|---|---|
| 1. | SONY A7R CAMERA WITH SONY 70-200 LENS | 273908.58 |
| 2 | SONY A7C CAMERA WITH TAMRON 35 LENS | 201865.43 |
| 3 | SONY A6700 CAMERA WITH SIGMA 24-70 LENS | 174866.7 |
| 4 | SONY A6400 WITH TAMRON 28-75 LENS | 128646.59 |

**भूमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

जिल्ला कैलाली कैलारी गाउँपालिका वडा नं. २ लक्कड गाउँ बस्ने रण बहादुर बोहराले मेरो सहोदर भाई जगत बहादुर बोहराको मिति २०६१/११/११ गते आफ्नै कालगतिले मृत्यु भइ सकेको हुँदा निजको शेषपछिको १ मात्रै हकदार पत्नी मथुरा देवी बोहरा मिति २०६२ सालमा दोस्रो विवाह गरी अन्यत्र गइसकेको हुँदा निजहरुको शेषपछिका हकदार अंशियार नाबालक छोरीहरु रतना कुमारी बोहरा र प्रेरणा बोहरा समेत २ जना मात्रै हकदार अंशियार रहेकोमा हाल रतना कुमारी बोहराको विवाह भइसकेको हुँदा मृतक ज.ध. भाई जगत बहादुर बोहराका नाममा दर्ता श्रेस्ता कायम रहेको बसौटी - ६, सि.नं. ०२७ / १०२६, कि.नं. १३ क्षेत्रफल १५३५ व.मी. भएको कित्ता मृतक जग्गाधनी भाईका २ मात्रै सन्तान छोरीहरु रतना कुमारी बोहरा र प्रेरणा बोहरा समेत २ जनाका नाममा संयुक्त नामसारी गरी पाऊँ भनी पेश गरेको निवेदन साथ जग्गाधनी प्रमाण पूर्जा, मालपोत तिरेको रसिद, ना.प्र.प., मृत्यु दर्ता प्रमाण पत्र, नाता प्रमाणित, कैलारी गाउँपालिका वार्ड नं. २ को च.नं. १३१५ मिति २०८२/३/९ को वडा सर्जमिन मुचुल्का समेत संलग्न राखी पेश हुन आएको निवेदन सम्बन्धमा उल्लेखित व्यहोरा ठिक साँचो हो ? होइन ? निवेदकको माग अनुसार उक्त कित्ता मृतकको छोरीहरुका नाममा नामसारी गरी दिंदा पछि कुनै फरक पर्छ ? पर्दैन ? उक्त कित्तामा अन्य हकदार अंशियारको दावी विरोध भए आफूसँग भएको प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन कार्यालयमा स्वयम् उपस्थित भई हकदावी सम्बन्धी निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तोकिएको सूचना अवधि भित्र कोही कसैको दावी विरोध पर्न नआए नियमानुसार आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**इति सम्वत २०८२ साल अषाढ १२ गते रोज ५ मा शुभम् .....।**

**हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

जिल्ला सर्लाही साविक गाविस लक्ष्मीपुर को वडा नं. ८ हाल हरिपुर न.पा. वडा नं. ५ मा बस्ने तोष नारायण चौधरी नाउँको हकदाबी गर्न आउने बारे सुचना । जिल्ला सर्लाही साविक गा.वि.स लक्ष्मीपुर को वडा नं. ८ हाल हरिपुर न.पा. वडा नं. ५ मा बस्ने सुरज कुमारी मण्डल को नाममा दर्ता कायम रहेको जि.स.गा.वि लक्ष्मीपुर कोद्राहा वडा नं. ८घ कि.नं. ५१८ को क्षेत्रफल ०-०-१६-१ जग्गाको मोही महलमा जि.सर्लाही साविक गा.वि.स लक्ष्मीपुरको वडा नं. ८ हाल हरिपुर न.पा. वडा नं. ५ मा बस्ने तोष नारायण चौधरी को नाम उल्लेख रहेकोमा जग्गा धनीको मरुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा कार्यालयबाट मिति २०८१/१२/११ मा भएको आदेशानुसार सोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनुहोला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मरुवा मोही लगत कट्टा तर्फको कार्वाही भैजाने यसै सूचनाद्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुरबाजुर लाग्ने छैन ।

**साउदीमा रोजगार**
कम्पनीः RAEDA AL-RAYYAD FOR TRADING AND CONTRACTING शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०८१/१२/१४ चलानी नं.: ६०२३५३६३ L.T. No.: 321213 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 21 | 0 | स. काममा दक्ष | 1000 | ३६,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २० गते (4 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.** Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

**युएईमा रोजगार**
कम्पनी : LIGHTTECH TECHNICAL SERVICES EST. शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०३/११ चलानी नं: ६०२४०१९६ L.T. No.: 326231

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason (Nepal) | 7 | 0 | | 1200 | ४४,९०४ | | | | | | | |
| 3. | Steal Fixer | 7 | 0 | | 1200 | ४४,९०४ | | | | | | | |

कम्पनी : TATBIZ TECHNICAL SERVICES CO शहर : UAE,DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०३/१२ चलानी नं: ६०२३८५५१ L.T. No.: 324618

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1200 | ४४,९०४ | | | | | | | |
| 3. | Mason (Nepal) | 10 | 0 | | 1200 | ४४,९०४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २० गते (4 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

**GENX ASSOCIATES (P) LTD.** Tel:- +977-01-5912992 | +977-01-5912993 Govt. License No. 554/062/063
Maharajgunj 04 Kathmandu Nepal. Cell: 9801094755 | 9801094757 | 9801094757

**युएईमा रोजगार**
कम्पनी : NAJMAT ALSARAYA TECHNICAL SERVICES शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८१/१२/०१ चलानी नं.: ६०२३४४५२ LT. No.:320307 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steal Fixer | 6 | 0 | स. काममा दक्ष | 1200 | ४४,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २० गते (4 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**Kangaroo Human Resources Pvt. Ltd.**
Govt. Lic. No.: 1381/074/075
P O box No: 12772, Battisputali-9, Kathmandu, Phone No: 01-4565882,4565885, 9802376740, 9801854401, E-mail : kangaroohumanrec@gmail.com, Web.: www.kangaroohr.com

**कतारमा रोजगार**
कम्पनीः Passerine Trading Contracting And cleaning शहरः Doha
पूर्व स्वीकृत मितिः २०८२/०३/१२ चलानी नं.: ६०२४०२०६ LT. No.: 326245

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४१,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1100 | ४१,४७० | | | | | | | |
| 3. | Labour | 2 | 0 | | 1000 | ३७,७०० | | | | | | | |
| 4. | labourer/worker/buildign worker contruction wokrer | 2 | 0 | | 1100 | ४१,४७० | | | | | | | |
| 5. | Mason. | 26 | 0 | | 1100 | ४१,४७० | | | | | | | |
| 6. | PIPE FITTER | 5 | 0 | | 1100 | ४१,४७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २० गते (4 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल सदिल फर रिक्रुटमेन्ट प्रा. लि.** श्रम ईजाजत नं. ४७०/०६०/६१
बसुन्धारा–३, काठमाडौं,, फोन नंः 014375767
Mob: 9844065129, 9851129355, Email: misnepal09@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१३ असार २०८२ शुक्रबार
27 June 2025, Friday

# सरकार जनअपेक्षाअनुसार चल्न सकेन, कांग्रेस निरीह बन्यो : नैनसिंह महर

**महमद सदाब/मध्यान्ह**
वीरगन्ज, १२ असार



नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पार्टीको शिक्षा विभाग प्रमुख नैनसिंह महरले वर्तमान सरकार जनअपेक्षा अनुसार काम गर्न पूर्णतः असफल भएको टिप्पणी गरेका छन् ।

नेपाल प्रेस युनियन पर्साद्वारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले एमाले र कांग्रेसबीचको सात बुँदे सहमतिको आधारमा बनेको सरकारले जनतामा उत्साह जगाउने कुनै प्रभावकारी कार्य गर्न नसकेको आरोप लगाए ।

सरकार गठन भएको एक वर्ष पुगिसक्दा पनि जनताले अनुभव गर्नसक्ने ठोस परिणाम नआएकोले कांग्रेसको छवि जनतामाझ कमजोर बन्दै गएको उनको भनाइ छ ।

'कांग्रेस अहिले जनताबीच बदनाम हुँदैछ, यसले पार्टीलाई अझ कमजोर बनाउँदै लगेको छ,' महरले भने ।

संघ, प्रदेश, र स्थानीय तहमा कांग्रेस सबैभन्दा ठूलो दल भए पनि सरकारभित्र एमालेको हालीमुहाली मात्र देखिएको उनले गुनासो गरे । उनले कांग्रेस नेतृत्वमाथि आन्तरिक आलोचना गर्दै १५औं महाधिवेशन तोकिएको समयमा हुनसक्ने सम्भावना कमजोर बन्दै गएको बताए ।

'महाधिवेशन समयमा गर्न नेताहरू गम्भीर देखिँदैनन्, अब देशभरका कार्यकर्ताले दबाब दिनुपर्ने समय आएको छ,'उनले जोड दिए ।

फरक प्रसंगमा बोल्दै महरले संघीय सरकारले मधेस प्रदेशसँग फेरि पनि विभेद गरेको आरोप लगाए । उनले मधेश प्रदेशलाई राजस्व संकलन तथा रेमिट्यान्स भित्र्याउने अग्रणी क्षेत्रका रूपमा चिनाउँदै पनि बजेटमा अपेक्षित प्राथमिकता नदिएको बताए ।

'देशलाई सबैभन्दा धेरै राजस्व र रेमिट्यान्स दिने मधेस प्रदेश हो, तर बजेटमा त्यसअनुसारको सम्मान र सुविधा छैन,'महरले भने ।

राजनीतिक दलहरूमा इमान्दार र चरित्रवान नेतृत्वको खाँचो रहेको उल्लेख गर्दै उनले कांग्रेसभित्रैबाट शुद्धीकरण अभियान सुरू गर्नुपर्ने आवश्यकता औंल्याए ।

उनले वर्तमान बजेटलाई 'ब्रहमलुट'को मानसिकताबाट प्रेरित भएको आरोप लगाउँदै केन्द्रदेखि स्थानीय तहसम्म ल्याइएका योजनाहरू जनमुखी नभई स्वार्थ प्रेरित रहेको टिप्पणी गरे । देशमै रोजगारी सिर्जना गर्न र वैदेशिक रोजगारीमा गएकाहरुलाई स्वदेश फर्काउने वातावरण बनाउन सरकारलाई आह्वान गर्दै महरले जनशक्ति र समृद्धिको आधार भूत सवालमा गम्भीर हुनुपर्ने धारणा राखे ।

कार्यक्रम नेपाल प्रेस युनियन पर्साका अध्यक्ष विजय चौहानको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा वीरगन्ज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, नेपाली कांग्रेसका पूर्व क्षेत्रीय सभापति विजय सर्राफ, प्रेस युनियनका केन्द्रीय सदस्य श्रीराम रायमाझी लगायतको उपस्थिति रहेको थियो ।

# सिन्धुलीका ९ पालिकाको बजेट ७ अर्ब

**नविन श्रेष्ठ/मध्यान्ह**
सिन्धुली, १२ असार



सिन्धुलीका सबै स्थानीय तहले बजेट पारित गरेका छन् । ९ ओटा स्थानीय तहले नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेर पारित गराएका हुन् ।

आर्थिक वर्ष २०८२/०८३ को लागि ९ वटा स्थानीय तहको बजेट ६ अर्ब ९५ करोड २४ लाख ९७ हजार १ सय ९ रुपैयाँ रहेको छ ।

सबै भन्दा धेरै बजेट कमलामाई नगरपालिकाले १ अर्ब २९ करोड ५९ लाख ४० हजार १ सय ६० रुपैयाँ ल्याएको छ भने दुधौली नगरपालिकाकाले १ अर्ब १४ करोड २३ लाख ९७ हजार बजेट ल्याएको छ ।

तीनपाटन गाउँपालिकाको ८५ करोड ३३ लाख ११ हजार १ सय ६१ रुपैयाँ बजेट रहेको छ भने मरिण गाउँपालिकाको बजेट ७६ करोड १३ लाख ७८ हजार ८ सय, सुनकोशी गाउँपालिकाको बजेट ६६ करोड ५० लाख ६० हजार ९ सय ४७ रुपैयाँ रहेको छ ।

गोलन्जोर गाउँपालिकको बजेट ६२ हजार ५२ लाख २ हजार ३ सय १० रुपैयाँ, हरिहरपुरगढी गाउँपालिकाको बजेट ६१ करोड १३ लाख ५५ हजार ९ सय ३७ रुपैयाँ, फिक्कल गाउँपालिकको बजेट ५५ करोड ५२ लाख र घ्याङलेख गाउँपालिकाको बजेट ४४ करोड २६ लाख ५० हजार ७ सय ९४ रुपैयाँ रहेको छ ।

स्थानीय तहले भौतिक संरचनाको विकास, कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रको विकासलाई प्राथमिकता दिएका छन् ।

# इरानबाट थप ३ नेपालीको उद्धार



**काठमाडौं/मस**–भारतको सहयोगमा इरानबाट थप ३ नेपालीको उद्धार गरिएका छ । भारतले इरानमा आफ्ना नागरिकसँगै ३ जना नेपालीलाई पनि उद्धार गरी नयाँ दिल्ली ल्याएको छ ।

यसअघि ६ जना नेपाली नागरिक भारतको सहयोगमा इरानबाट उद्धार गरिएको थियो । भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालका अनुसार इरानबाट बिहीबार २७२ भारतीय र ३ नेपाली नागरिकलाई दिल्ली ल्याइपुऱ्याइएको हो ।

भारतले सञ्चालन गरेको 'अपरेसन सिन्धु'अन्तर्गत उनीहरूलाई इरानबाढ्ढ उद्धार गरी ल्याइएको हो । अहिलेसम्म ३ हजार ४२६ भारतीयलाई इरानबाट उद्धार गरिएको छ ।

इजरायल र इरानबीच लडाइँ सुरू भएपछि ती देशमा रहेका विभिन्न देशका नागरिक जोखिममा परेका छन् ।

## कटहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

### आन्तरिक आय ठेक्काको लागि बोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०३/१३)**

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष ०८२/०८३ को लागि यस गाँउपालिका क्षेत्रभित्रको देहाय बमोजिमकोआय ठेक्काहरु बन्दोबस्त गर्नुपर्ने भएकोले तपशिलको शर्तहरुको अधिनमा रहि इच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले तोकिएको अवधिभित्र रित पूर्वक वोलपत्र / शिलबन्दी दरभाउपत्रमा भाग लिनु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का न. | विवरण | न्युनतम अङ्क (भ्याट सहित) रु. | फारम दस्तुर रु. (फिर्ता नहुने गरी) | बोलपत्र / दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र / दरभाउपत्र खोल्ने: मिति र समय | बोलपत्र / दरभाउपत्र खोल्ने: स्थान |
|---|---|---|---|---|---|---|
| KRM/R/ NCB/26/2081/082 | विदेशी सवारी पहिलो सरसफाई शुल्क | ३५,००,०००। | ३,०००।- | २०८२/४/११ गते कार्यालय समय सम्म। | २०८२/४/१२ गते २.००बजे। | कटहरी गाँउपालिकाको कार्यालय |
| KRM/R/ SQ/27/2081/082 | वडा नं. ४ स्थित नयाँ बजार हटिया ठेक्का | ३००,०००। | १,०००।- | २०८२/३/ २७ गते कार्यालय समय सम्म। | २०८२/३/ २९ गते २.००बजे। | कटहरी गाँउपालिकाको कार्यालय |
| KRM/R/ SQ/28/2081/082 | वडा नं. १ स्थित कृषि बजार हटिया | १,५०,०००। | १,०००।- | २०८२/३/२७ गते कार्यालय समय सम्म। | २०८२/३/ २९ गते २.००बजे। | |
| KRM/R/ SQ/29/2081/082 | सटर नं. १२ | १२,७५०। | १,०००।- | २०८२/३/२७ गते कार्यालय समय सम्म। | २०८२/३/ २९ गते २.००बजे। | |
| KRM/R/ SQ/30/2081/082 | सटर नं. १३ | ११,७५०। | १,०००।- | २०८२/३/ २७ गते कार्यालय समय सम्म। | २०८२/३/२९ गते २.००बजे। | |
| KRM/R/ SQ/31/2081/082 | कृषि बजार स्थित कोल्ड स्टोर भाडा लगाउने ठेक्का (कटहरी-१ ) | २,००,०००। | १,०००।- | २०८२/३/ २७ गते कार्यालय समय सम्म। | २०८२/३/२९ गते २.००बजे। | |

**नोटः-** ठेक्का सम्बन्धी विस्तृत विवरण कटहरी गाउँपालिकाको Website: Kataharimun.gov.np मा हेर्नुहोला ।

**प्रमुख प्रशाशकीय अधिकृत**


## साउदीमा रोजगार

कम्पनी : ABDULLAH BIN HAMAD AL AMER SONS TRADING COMPANY — शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०८२/०३/११ — चलानी नं.:६०२३०१८२ — LT. No.:326227

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loader | 2 | 0 | स. काममा दक्ष | 1200 | ४३,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८२ असार २० गते ( 4 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Pritam Employment Pvt.Ltd.**
Govt. Lic. No.: 1468/074/75
Sinamangal-9, Kathmandu (In Front of Airport Gate )
Tel No: + 9771-4112782 | Email: pritamemployment2018@gmail.com



## ओमनमा रोजगार

कम्पनीः GALFAR ENGINEERING & CONTRACTING SAOG — शहरः OMAN
पुर्व स्वीकृत मितिः २०८१/०९/०५ — चलानी नं.: ६०२२९९४८ — L.T. No.:315658 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foundation Diggers | 30 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४२,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason General | 30 | 0 | | 120 | ४२,८३२ | | | | | | | |
| 3. | Reinforcing Fitter | 30 | 0 | | 120 | ४२,८३२ | | | | | | | |

**प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८२ असार २३ गते (7 July 2025) मा हुनेछ ।**
**फाइनल अन्तर्वार्ता गल्फ ट्रेनिङ्ग सेन्टर जनकपुरमा मिति २०८२ असार २५ र २६ गते (9 & 10 July 2025) मा हुनेछ ।**
**फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८२ असार ३० गते (14 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गौरी शंकर ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५५८/०६२/०६३
सुकेधारा-०४, काठमाडौं, नेपाल, फोनः ४५१८३५३, ९८४१६३२४१८ जनकपुर सम्पर्क नं: ९८२७६८५८७५, ९८०१६०७०९५
E-mail : info@gsoverseas.com.np, Web.: www.gsoverseas.com.np



## मलेसियामा रोजगार

कम्पनीः HIGH TECH FOCUS SDN. BHD. — शहरः JALAN
पूर्व स्वीकृत मितिः २०८२/०३/१२ — चलानी नं.: ६०२४०१९७ — L.T. No.: 326143

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 56 | 0 | स. काममा दक्ष | 1700 | ५५,११४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८२ असार २० गते (4 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
